जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक २४५ • २०८० साल माघ १८ गते विहीबार (1 Feburary, Thursday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## विकास साझेदारको सम्मेलन सम्पन्न

# प्रदेश सरकार स्पष्ट कार्ययोजनासहित काम गर्न चाहेको छ : अर्थमन्त्री यादव




**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा बुधबार सम्पन्न भएको मधेश विकास सम्मेलन २०८० ले पाँच बुँदे जनकपुरधाम प्रतिबद्धता पत्र पारित गरेको छ ।

मधेश प्रदेश सभाका अर्थ तथा योजना समितिको आयोजनामा भएको मधेश विकास सम्मेलनले नेपालको संविधानले तय गरेको संघीयताको अवधारणा अनुरुप मधेश प्रदेश सरकारको प्राथमिकताहरूलाई तीनै तहका सरकारबाट पहिचान र कार्यान्वयन एवम् आवश्यक सहजीकरण गर्नका लागि अनुरोध गर्दै प्रदेश तथा स्थानीय तहको क्षमता विकास लक्षित वर्गमा विकासको पहुँच पुऱ्याउन नीतिगत समन्वय र सहकार्य गरिने उल्लेख रहेको छ ।

यसका साथै दिगो विकासको लक्ष्य प्राप्तिका लागि नेपाल सरकारले राष्ट्रिय स्तरमा गरेको प्रतिबद्धता पूरा गर्नका लागि मधेश प्रदेश सभा, मधेश सरकार तथा मधेश प्रदेशका नीति तथा योजना आयोगले लिएको लक्ष्य तथा नीतिगत विषयहरूको कार्यान्वयनका लागि संयुक्त राष्ट्रसंघीय निकाय, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले सहकार्य समन्वय गरेर काम गर्ने प्रतिबद्धता पत्रमा उल्लेख रहेको छ ।

प्रतिबद्धताका अन्य बुँदामा प्रदेश नीति तथा योजना आयोगले विकास साझेदारसँग योजना निर्माण, कार्यान्वयन, संयुक्त अनुगम, वार्षिक कार्यप्रगति समीक्षा, विकास साझेदारको डाटाबेस निर्माण गरी विकास साझेदारको विज्ञता अनुरुप नव प्रवर्तन असल अभ्यास, अनुभवलाई मधेश प्रदेशको विकासको नीति कार्यक्रम र बजेटको मूल प्रवाहीकरण गर्ने उल्लेख छ ।

यसका साथै मधेश प्रदेशमा कार्यरत संयुक्त राष्ट्र संघीय निकाय, द्विपक्षीय निकाय अन्तर्राष्ट्रिय तथा स्थानीय विकास साझेदार हरूलाई प्रदेशको प्राथमिकता र लक्ष्य हासिल गर्न जबाफदेही, पारदर्शीताका मापदण्ड पूरा गरी काम गर्न उपयुक्त वातावरण तयार गरिने

> "मधेश प्रदेशका अर्थमन्त्री संजय कुमार यादवले विश्वमा विकासका लागि प्रदेशको आर्थिक श्रोतको व्यवस्थापन केन्द्रले प्रदेशको आर्थिक, सामाजिक, अन्य सूचकांक तथा जनसंख्यालाई आधार बनाएर गरे पनि नेपालमा भने त्यसो नभएको बताए ।

मधेश विकास सम्मेलनको प्रतिबद्धता पत्रमा उल्लेख छ ।

दिगो विकासका लक्ष्य हासिल गर्नका लागि मानवीय, आर्थिक, प्राविधिक र भौतिक श्रोतमा कमी रहेकाले प्रदेश सरकार र विकास साझेदारहरूले थप श्रोतको पहिचान पहुँच र परिचालन गर्ने विकास सम्मेलनले जारी गरेको जनकपुरधाम प्रतिबद्धता पत्रमा उल्लेख छ ।

यस अघि विकास सम्मेलनको उद्घाटन कार्यक्रममा बोल्दै मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले मधेश प्रदेशको समृद्धि र विकास बिना समग्र देशको विकासका सूचकाङ्कमा सुधार नहुने भएकाले इमानदार सहमति र सहकार्य आवश्यक भएको बताए । उनले नेपालको विकास नहुनुमा व्यक्तिगत विकासको आकांक्षा अधिक रहनु र सामाजिक विकास तर्फ ध्यान नदिनु नै प्रमुख कारणको रुपमा रहेको बताए ।

मधेश प्रदेशका अर्थमन्त्री संजय कुमार यादवले विश्वमा विकासका लागि प्रदेशको आर्थिक श्रोतको व्यवस्थापन केन्द्रले प्रदेशको आर्थिक, सामाजिक, अन्य सूचकांक तथा जनसंख्यालाई आधार बनाएर गरे पनि नेपालमा भने त्यसो नभएको बताए ।

उनले मधेश प्रदेश सरकारले स्पष्ट कार्ययोजना सहित काम गर्न चाहेको बताउँदै श्रोतको अभाव हुने अवस्था भएको सरकारले चाहेर पनि गर्न नसकेको बताउँदै प्रदेश सरकारले चाडै लगानी सम्मेलन गर्ने तयारी गरेको बताए ।

मधेश प्रदेशका खेलकुद तथा समाज कल्याण मन्त्री सुरिता कुमारी साहले मधेश प्रदेश सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले गरिरहेको कामलाई थप प्रभावकारी बनाउनका लागि एकद्वार प्रणालीमा काम गर्ने गरि नीति बनाउन लागेको बताए ।

मधेश प्रदेश सभाका अर्थ तथा योजना समितिका सभापति सतिशकुमार सिंहको अध्यक्षतामा भएको कार्यक्रममा कृषि समितिका सभापति संजय कुमार महतो, यूएन एजेन्सीहरूको तर्फबाट डा. नरेन्द्र कुमार मिश्र, अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाको तर्फबाट भगवान् श्रेष्ठले कार्यपत्र प्रस्तुत गरेका थिए ।

# सुनचाँदी व्यवसायी पक्राउ, विरोधमा आन्दोलन

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामका सुनचाँदी व्यवसायीलाई प्रहरीले पक्राउ गरेको विरोधमा यहाँका व्यपारीहरुले प्रदर्शन गरेका छन् ।

विना विलको सुन खरिद गरेको भन्दै बलराम ज्वेलर्सका सञ्चालक बलराम साह, अरुण ज्वेलर्सका सञ्चालक अरुण साह र कालिगढहरु अजय सोनार र संजय सोनारलाई प्रहरीले पक्राउ गरेर पथलैया पठाएको विरोधमा उनीहरु बुधबार प्रदर्शन गरेका छन् ।

सिरहाका मिर्चैयाका कालिगढ अजय सोनार र संजय सोनारले करिव १० लाख बराबरको सुन जनकपुरधामका व्यवसायी बलराम र अरुणलाई बेच्न आएका थिए । सोमवार रातिनै प्रहरीले पक्राउ गरेका सोनारद्वय संग सोधपुछ गर्दा आफू बिल सिरहामै बिर्सेर आएको भन्दा अनुसन्धानकालागि बलराम र अरुणलाई बोलाएर प्रहरीले पथलैया पठाएपछि यहाँका सुनचाँदी व्यवसायी, सुनचाँदी कालिगढ संघले टायर बालेर प्रदर्शन गरेका थिए ।


राजस्व अनुसन्धान कार्यालय पथलैयाका प्रमुख प्रेम देवकोटाले यहाँ चारै जनालाई ल्याइएको र सुनको तौल गर्न बुधवार रातिनै कलैया सुनचाँदी व्यवसायी संघमा पठाएको जानकारी दिए ।







# उपेक्षित उष्णप्रदेशीय रोगको जोखिम बढ्दै



टुडे समाचारदाता

कञ्चनपुर । उपेक्षित उष्णप्रदेशीय (गर्मी क्षेत्रमा हुने) रोगको जोखिम सुदूरपश्चिम क्षेत्रमा बढ्दै गएको छ । विभिन्न प्रकारका भाइरस, ब्याक्टेरिया, परजीवी, ढुसी र विषाक्त पदार्थका कारणले उष्णप्रदेशमा बस्ने व्यक्तिलाई असर गर्दै आएको छ । व्यक्ति बिरामीमात्रै नभएर ज्यानसमेत जाने गरेको जनाइएको छ । सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालय डोटीका कीटजन्य अधिकृत (कार्यक्रमका फोकल पर्सन) हेमराज जोशीले रोगलाई उपेक्षित गरेकै कारण बल्भिँदै व्यक्तिको ज्यान जाने गरेको बताए ।

उनका अनुसार विश्व स्वास्थ्य सङ्गठनको उपेक्षित उष्णप्रदेशीय रोगहरूको सूचीमा २१ रोगको समूह सूचीकृत गरिए पनि नेपालमा हालसम्म ११ रोगमात्रै पाइएको छ । यसमा डेङ्गु र चिकनगुनिया, रेबिज, ट्रकोमा (खस्रे रोग) कुष्ठरोग, कालाजार, टेनियासिस र न्यूरोसिस्टाइसर्कोसिस(फित्तेजुका),हात्तीपाइले, माटोबाट सर्ने जुका, माइसेटोमा क्रोमोब्लास्टो माइकोसिस, अन्य डिप माइकोसेस, सर्पदंश, लुतो र अन्य इक्टोपारासाइटलगायत छन् ।

"यस्ता रोगबाट विश्वमा एक अर्ब बढी मानिसलाई प्रत्येक वर्ष असर पर्ने गरको विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्क छ", उनले भने, "नेपालमा पनि यी रोगको सङ्क्रमणबाट बर्सेनि लाखौं व्यक्ति प्रभावित हुने गरेका छन्, सुदूरपश्चिममा यी रोगको सङ्क्रमण बर्सेनि भनै बढ्ने गरेको छ, रोग निदानका प्रयास पनि हुँदै आएका छन् ।"

यी रोग मुख्यतया पर्याप्त सरसफाइको कमी, रोगबाहक सङ्क्रामक कीटहरू, घरपालुवा जनावरसँग नजिकको सम्पर्कमा रहने व्यक्तिसँगै गरिबीको रेखामुनि रहेका व्यक्ति बढी जोखिमा रहने गरेको अधिकृत जोशीले बताए। "स्वास्थ्यसम्बन्धी विश्वव्यापी एजेण्डामा यी रोगबारे विरलै मात्र चर्चा हुने गरेको छ", उनले भने, "यस क्षेत्रमा काम गर्नका लागि सीमित स्रोतसाधनमात्रै उपलव्ध हुन्छ, अध्ययन-अनुसन्धान कम हुने गरेकाले पनि यी रोगलाई उपेक्षित रोग भन्ने गरिन्छ ।"

उपेक्षित उष्णप्रदेशीय रोग समुदायमा सामाजिक बहिष्करणसँग जोडेर हेर्ने गरिने भएकाले सबैभन्दा बढी गरिबीको रेखामुनि रहेका व्यक्ति बढी प्रभावित हुने गरेको उनको भनाइ छ । उनका अनुसार केही उपेक्षित उष्णप्रदेशीय रोग जनस्वास्थ्य समस्याको रूपबाट निवारण हुँदै आएको छ भने केही निवारण र रोकथामको रणनीतिमा कार्य भइरहेको छ ।

नेपालले सन् २०१८ मा ट्रकोमा निवारण गरेको छ। यसको प्रमाणीकरण विश्व स्वास्थ्य सङ्गठनबाट भइसकेको छ। देशमा कालाजार सन् २०२६, हात्तीपाइले, कुष्ठरोग र रेबिजलाई सन् २०३० मा निवारण गर्ने लक्ष्य लिएको छ। कालाजार जनस्वास्थ्य समस्याको रूपमा निवारण गर्ने लक्ष्यअनुरुप जिल्ला तहमा प्रति १० हजार जनसङ्ख्यामा एकभन्दा कममा सङ्क्रमण पुर्याउने, कालाजारबाट हुने मृत्युलाई एक प्रतिशतमा झार्ने रणनीति तय गरिएको छ । पछिल्लो दुई दशकमा कालाजारका बिरामीको संख्या ९० प्रतिशतले कमी आएको अधिकृत जोशीको भनाइ छ ।

"अन्य जिल्लामा कालाजारको लक्ष्य प्राप्ति भए पनि कालीकोट जिल्लामा मात्रै निवारणको लक्ष्य प्राप्त गर्न सकिएको छैन", उनले भने । कुष्ठरोगको फैलावटलाई अवरुद्ध गरेर जिल्ला र स्थानीय तहमा निवारण गर्ने, स्थानीय तहस्तरमा लगातार पाँच वर्षसम्म १५ वर्षमुनिका बालबालिकामा नयाँ सङ्क्रमणलाई शून्यमा पुर्याउने लक्ष्य रहेको स्वास्थ्य कार्यालय कञ्चनपुरका कीटजन्य फोकल पर्सन सिद्धराज भट्टले जानकारी दिए।

कुष्ठरोगलाई सन् २०१० मा राष्ट्रियस्तरबाट जनस्वास्थ्य समस्याको रूपमा घोषाणा भएअनुसार आर्थिक वर्ष २०७९/८० मा राष्ट्रियस्तरमा शून्य दशमलव ८५ प्रिभ्यालेस दरसँगै दुई हजार पाँच सय २२ नयाँ रोगी पहिचान गरिएको उनले उल्लेख गरे । हात्तीपाइले रोग एन्टिजेनेमिया दुई प्रतिशतभन्दा कम र माइक्रोफिलरिया एक प्रतिशतभन्दा कम पुर्याउने लक्ष्य रहेको उनको भनाइ छ । चौसठ्ठीवटा हात्तीपाइले एन्डेमिक जिल्लामध्ये आम औषधि सेवन सम्पन्न गरी ५३ वटा जिल्लामा सङ्क्रमणको प्रसारसम्बन्धी आम औषधि सेवन बन्द गरिएको छ। सात जिल्लामा आम औषधि सेवनको कार्य जारी रहेको छ।

हात्तीपाइलेको रुग्णतासम्बन्धी ४९ जिल्लाबाट तथ्याङ्क सङ्कलन गरिएको छ। हालसम्म हात्तीपाइलेका कारणबाट ४१ हजार पाँच सय ३५ जनामा हाइड्रोसिल तथा गोडामा सुजनलगायतको शारीरिक समस्या देखापरेको फोकल पर्सन भट्टले बताए । डेङ्गु रोगको रोकथाम र नियन्त्रणको प्रयास हुँदै आएको छ । सन् २००४ मा डेङ्गुको पहिलो केस रिपोर्ट भएदेखि प्रत्येक वर्ष बिरामीको संख्या बढ्दै गएका छन् ।

सन् २०२३ मा ७७ वटै जिल्लामा ५२ हजार बढी व्यक्तिमा डेङ्गुको सङ्क्रमण भई २० जनाको मृत्यु भएको निर्देशनालयले राखेको तथ्याङ्कमा उल्लेख गरिएको छ। "गत आवमा कुकुरको टोकाईबाट अस्पताल आउने बिरामीको संख्या एक लाखभन्दा बढी थियो", तथ्याङ्कानुसार कुकुरको टोकाइबाट हुने रेबिजलाई सन् २०३० सम्म शून्यमा पुर्याउने लक्ष्य लिइएको छ ।" आव २०७९/८० मा १० जनाको रेबिजबाट मृत्यु भएको प्रतिवेदनमा उल्लेख गरिएको भए पनि बर्सेनि रेबिजबाट सय बढीको मृत्यु हुने गरेको अनुमान छ ।

सर्पदंशबाट आव २०७९/८० मा नौ हजार बढी व्यक्ति प्रभावित भएकामा जसमध्ये एक हजार दुई सय २३ जनालाई विषालु सर्पले डसेको थियो । देशभर एक सय १० वटा सर्पदंश उपचार केन्द्रमार्फत उपचार हुने गरेको छ। सन् २०१५ मा भएको सर्वेक्षणअनुसार भौगोलिक क्षेत्रका आधारमा १२ देखि ३४ प्रतिशत स्कुलमा अध्ययनरत विद्यार्थीमा माटोबाट सर्ने जुकाको सङ्क्रमण देखापरेको थियो। आव २०७९/०८० मा पाँच लाख ५० हजार जनामा जुकाको सङ्क्रमण देखिएको छ।

# संसदीय समितिको बैठकमा कोप-२८ को समिक्षा

टुडे समाचारदाता

काठमाण्डु । दिगो विकास तथा सुशासन समितिको बैठकमा कोप-२८ (जलवायुसम्बन्धी शिखर सम्मेलन) सम्बन्धी समिक्षा भएको छ । समितिको बुधबारको बैठकले 'कोप २८ मा नेपालको सहभागिता सम्बन्धमा समीक्षा र आगामी कार्यदिशा सम्बन्ध' मा छलफल गरेको हो ।

छलफलमा समितिका सभापति प्रकाश पन्थले कोप २८ को समिक्षाबाट समयमै कार्ययोजना बनाएर आगामी सम्मेलनलाई व्यवस्थित तथा प्रभावकारी बनाउन जरुरी रहेको बताए । उनले कोप-२९ को आवश्यक तयारी यथासिघ्र अगाडि बढाउन सरकारलाई निर्देशन दिइएको जानकारी दिए।

सभापति पन्थले पछिल्लो सम्मेलनको समीक्षाबाट अन्तर्राष्ट्रिय सङ्घसस्थासँगको सहकार्यलाई थप प्रभावकारी बनाएर जानुपर्ने, जलवायु परिवर्तनका विषयमा बहुपक्षीय सरोकारवालासँग अन्तरक्रिया तथा छलफल गरी आगामी कार्ययोजना तय गर्नुपर्नेलगायत विषयमासरकारलाई यथासिघ्र तयारी अगाडि बढाउन निर्देशन दिइएको बताए।

समितिका सचिव डा रोजनाथ पाण्डेले हिमाली क्षेत्रको जलवायु सम्मेलन तथा सगरमाथा संवाद सञ्चालन गर्ने विषय उठानसँगै कार्यान्वयन पनि गर्नुपर्ने उल्लेख गरे । उनले सम्मेलनबाट प्राप्त उपलब्धिको उपयोग गर्ने र विवरण सङ्कलनमा प्राथमिकता दिनुपर्नेमा जोड दिए । वन तथा वातावरण मन्त्रालयका सहसचिव डा वुद्धिसागर पौडेलले कोप-२८ मा 'हिमाल, पहाड जोगाउ' भन्ने अभियानलाई प्राथमिकता दिएको बताउँदै आगामी सम्मेलनलाई प्रभावकारी बनाउन थप सहकार्य र समन्वयन आवश्यक रहेको औंल्याए।

राष्ट्रिय समावेशी आयोगका अध्यक्ष डा रामकृष्ण तिमल्सेना र मधेसी आयोगका सदस्य रेनु शाहले जलवायु परिवर्तनसम्बन्धी विषय विद्यालयस्तरका पाठ्यक्रममा समावेश गराउन आवश्यक रहेको बताएका थिए । अध्यक्ष तिमल्सेनाले प्रकृति, जनता, जीव र जीवनपद्धतिलाई जोडेर सम्मेलनको एजेण्डा बनाउनुपर्नेमा जोड दिए।

राष्ट्रिय महिला महिला आयोगका अध्यक्ष कमलाकुमारी पराजुलीले जलवायु परिवर्तनबाट सबैभन्दा बढी महिला तथा बालबालिका पर्ने गरेकाले तीनै तहले लैङ्गिक उत्तरदायी, जलवायु लक्षित बजेटबीच तादाम्यता कायम गर्न आवश्यक रहेको उल्लेख गरे । दलित आयोगका अध्यक्ष देवराज विश्वकर्मा, आदिवासी जनजाति आयोगका अध्यक्ष रामबहादुर थापामगर र थारु आयोगका अध्यक्ष विष्णुप्रसाद चौधरीले जलवायु परिवर्तनको नकारात्मक असरबाट सिमान्तकृत समुदाय बढी प्रभावित भएकाले उक्त समुदाय लक्षित कार्यक्रम सञ्चालन तथा लाभ वितरण हुनुपर्नेमा जोड दिए।

सांसद वीरबहादुर बलायरले मन्त्रालयमा विनियोजन गर्ने बजेट दिगो विकास लक्ष्य लक्षित हुनुपर्नेमा जोड दिँदै जलवायु परिवर्तनका कारण मुलुकले खेप्नुपरेका नकारात्मक असर व्यवस्थापनमा मुलुक सक्षम हुनुपर्ने बताए। सांसद मिना तामाङ, विनिता कठायत, विमला घिमिरेले सम्मेलनमा व्यवस्थापकीय पक्षलाई सुधार गर्न आवश्यक रहेको बताउँदै तीन तहबीच समन्वयन गरी राष्ट्रको स्वार्थ केन्द्रित एजेण्डा उठान गर्नुपर्नेमा जोड दिए।

बैठकमा आमन्त्रित सांसदले जलवायु परिवर्तनलाई न्यूनीकरण गर्न राज्यले स्पष्ट नीति बनाउन आवश्यक रहेको, सम्मेलनलाई प्रभावकारी बनाउन सम्बन्धित सरोकारवालासँगको समन्वय र सहकार्यलाई सुदृढ बनाउनुपर्ने, परिणाममुखी एजेण्डा प्रस्तुत गर्नुपर्ने, कर्मचारी तथा राजनीतिज्ञबीच समन्वयन प्रभावकारी हुनुपर्नेलगायत विषय उठान गरेका थिए।

# 'जनताका आवश्यकताअनुसार योजना ल्याउछौं'

टुडे समाचारदाता

लेखनाथ । गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले जनताका आवश्यकतालाई हेरेर आगामी कार्यक्रम तथा योजना ल्याइने बताएका छन् । प्रदेशको नीति तथा योजना आयोगले बुधबार आयोजना गरेको दोस्रो पञ्चवर्षीय योजना तर्जुमा सम्बन्धी अन्तरक्रिया तथा छलफल कार्यक्रममा उहाँले जनतालाई केन्द्रमा राखेर योजना बनाइने बताए।

"पहुँचको आधारमा भन्दा पनि जनताका प्रमुख आवश्यकता के हुन भनी छलफल गरी तीनै योजनालाई अगाडि सार्नुको विकल्प छैन", पाण्डेले भने, "वर्तमान अवस्थामा सबैभन्दा ठूलो चुनौती भनेको विकासलाई जनताको जीवनसँग जोड्नु हो ।" तीव्र रुपमा भइरहेको बसाइँसराइलाई रोकेर गाउँमा रोजगारीका अवसर सृजना हुने किसिमका योजना ल्याएर युवालाई विदेश पलायन हुनबाट रोक्नुपर्नेमा उहाँले जोड दिए।

विकास निर्माणका योजना बनाउँदा सोको लाभान्वित सङ्ख्या र लागतलाई ख्याल गर्नुपर्ने मुख्यमन्त्री पाण्डेको भनाइ थियो।

"प्राकृतिक स्रोतसाधन प्रयोगमा आज पनि समस्या छ । हाम्रा योजना कृषि र उत्पादनमा जोड्न सक्यौं भने मात्र ठूलो मात्रामा भइरहेको बसाइँसराइ रोक्न सकिन्छ । प्रदेश सरकारले यसलाई प्राथमिकतामा राखेको छ । प्रदेशका समस्या, सङ्घबाट प्राप्त गर्ने अधिकारबाट सङ्घीयतलाई अझै बलियो बनाउन पहल गर्नेछु", उनले भने, "गण्डकी प्रदेशमा कृषि, पर्यटन, उद्योगरस्वरोजगारकाकार्यक्रमलाई प्राथामितामा राख्नेछौं ।"गण्डकी प्र्देशसभा सदस्य प्रकाश बरालले यो प्रदेश पर्यटकीय र कृषि क्षेत्र भएकाले यस क्षेत्रलाई केन्द्रित गरी पञ्चवर्षीय योजना ल्याउनुपर्नेमा जोड दिए। सदस्य भीम कार्कीले युवा लक्षित कार्यक्रम ल्याएर विदेश जानबाट युवालाई स्वदेशमा रोक्ने किसिमका योजना बनाउनुपर्नेमा जोड दिए।

गण्डकी प्रदेशसभा सदस्य देवका पहारीले दश जोर दुईको अध्ययनसँगै विद्यार्थीलाई सीपमूलक कार्यक्रम ल्याएर उनीहरुलाई स्वदेशमै बस्ने वातावरण बनाउनुपर्ने भन्दै सोही अनुसारका कार्यक्रम ल्याउन जरुरी भएको बताए । अर्का सदस्य नन्दकला दमैले विपन्न वर्गको जीवनस्तर उकास्ने किसिमले प्रदेश सरकारले नीति तथा योजनाका कार्यक्रम ल्याउन जरुरी भएको बताए।

गण्डकी प्रदेशसभा सदस्य सरस्वती गुरुङले जनताका आवश्यकतालाई केन्द्रमा राखेर दिगो विकासका कार्यक्रम ल्याउन आवश्यक भएको बताए । नेपाली कांग्रेस कास्कीका नेता सूर्य भण्डारीले प्रदेश सरकारले पञ्चवर्षीय नीति तथा कार्यक्रम ल्याउँदा दीर्घकालीन रुपमा प्रयोगमा आउने किसिमबाट ल्याउनुपर्नेमा जोड दिए।

नेकपा एमाले कास्कीका नेता भेषराज बरालले महोत्वाकाङ्क्षी योजनाभन्दा पनि कार्यान्वयन गर्नसक्ने योजना ल्याएर नेपाली जनतालाई विकासको महसुस गर्ने वातावरण सृजना गर्नुपर्नेमा जोड दिए । नेकपा माओवादी केन्द्रका नेता विनय थापाले जनतालाई सुशासन कसरी दिन सकिन्छ भन्ने बारेमा सोचेर योजना अगाडि वढाउनुपर्ने बताए। नेकपा (एकीकृत) समाजवादी कास्कीका नेता खड्ग हमालले गण्डकी क्षेत्र पर्यटन र कृषिको हब भएकाले पर्यटन क्षेत्रको विकास तथा प्रवर्द्धन हुने किसिमका योजना बनाउनुपर्नेमा जोड दिए। कार्यक्रममा मादी गाउँपालिका अध्यक्ष देवीजङ्ग गुरुङले मादी गाउँपालिका पर्यटकीय क्षेत्र भएकाले यहाँको पर्यटन विकासमा प्रदेश सरकारको ध्यान जान जरुरी रहेको उल्लेख गरे। रुपमा गाउँपालिकाका अध्यक्ष नवराज ओझाले गाउँपालिका कृषि उत्पादनमा उर्भर भूमि भएकाले कृषि क्षेत्रको विकासमा प्रदेश सरकार लाग्नुपर्ने सुझाव दिए।

अन्नपूर्ण गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसीले अन्नपूर्ण पर्यटकीय र प्रशस्तै पैदलमार्ग भएको ठाउँ भएकाले यहाँका पर्यटकीय गन्तव्यको पहिचान गरी पर्यटकीय विकास गर्न सुझाव दिए । माछापुच्छ्रे गाउँपालिकाका उपाध्यक्ष सीता अधिकारीले पर्यटन, पशुपालन र जडिबुटीको प्रशस्त सम्भावना भएको क्षेत्र भएकाले यसलाई आधार मानी विकास निर्माणका कार्य अगाडि बढाउनुपर्ने बताए।

पोखरा उद्योग वाणिज्य सङ्घका उपमहासचिव शोभा गौतमले उद्योगलाई सहज रुपमा सञ्चालन गर्ने वातावरण सृजना गर्नुपर्ने, कम सहलियत व्यजदरमा ऋण उपलब्ध गराउनुको साथै विद्युत् महसुल न्यून लगाउनुपर्नेमा जोड दिए।

# सात कार्यालयको विद्युत लाइन काटियो

टुडे समाचारदाता

गोदावरी। नेपाल विद्युत् प्राधिकरण धनगढीले लामो समयदेखिको महसुल नबुझाउने ग्राहकको विद्युत् लाइन काट्न ( विच्छेद) थालेको छ। धनगढी विद्युत् वितरण केन्द्रले महसुल बुझाउन पटक-पटक ताकेता गर्दासमेत आनाकानी गर्दै आएका सरकारी कार्यालय तथा व्यक्तिगत ग्राहकको विद्युत् लाइन काट्न सुरु गरेको जनाएको छ।

विद्युत प्राधिकरणले धनगढी र अत्तरियामा समयमै विद्युत् महसुल नबुझाउने दुई सय ५३ ग्राहकको विद्युत् लाइन काटेको जनाएको छ।

लामो समयदेखि विद्युत् महसुल नबुझाएका ग्राहकको बक्यौता रकम रु एक करोड ५३ लाख ४९ हजार तीन सय ६५ रहेको जनाइएको छ।

वितरण केन्द्र धनगढीका प्रमुख मिथिलेशकुमार गोयलका अनुसार विद्युत् लाइन काट्न सुरु गरिएपछि एक सय ८० ग्राहकले महसुल बुझाएका छन्।

एक महिनाको अवधिमा ती ग्राहकबाट रु ७८ लाख ३७ हजार चार सय ९१ विद्युत महसुलबापतको रकम असुली भएको उनले जानकारी दिए।

धनगढी विद्युत् वितरण केन्द्रले मालपोत कार्यालय, नापी, सडकलगायत गरी सातवटा सरकारी कार्यालयको लाइन काटेको छ। ती सात कार्यालयले रु छ लाख दुई हजार छ सय सात विद्युत् महसुल बुझाउन बाँकी रहेको वितरण केन्द्रको तथ्याङ्कले देखाएको छ।

लाइन काटिएका सरकारी कार्यालयबाट रु एक लाख ४८ हजार छ सय ४० मात्र विद्युत् महसुलबापतको रकम असुली भएको वितरण केन्द्र प्रमुख गोयलले जानकारी दिए।

धनगढी विद्युत् वितरण केन्द्रअन्तर्गत ७९ हजार बढी ग्राहक रहेका छन्।

वितरण केन्द्रले समयमा विद्युत् महसुल नबुझाउने ग्राहकको लाइन काट्ने क्रमलाई निरन्तरता दिँदै जाने जनाएको छ।

# 'जनताका समस्या बुझ्न समुदायमा कांग्रेस'



टुडे समाचारदाता

घोराही । नेपाली कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधिले जनताकै घरदैलोमा पुगेर उनीहरूका समस्या सुन्न 'समुदायमा कांग्रेस' अभियान सञ्चालन गरिएको बताएका छन् ।

नेपाल प्रेस युनियन दाङ शाखाले बुधबार घोराहीमा गरेको पत्रकार भेटमा पूर्वगृहमन्त्री निधिले अभियानका क्रममा सुमदायमा तीन तहका सरकारले गरेका विकास- निर्माणका गतिविधि, जनताका समस्या बझ्नेदेखि समाधानका लागि पहल गर्नेसम्मका प्रक्रिया प्रारम्भ, पार्टीप्रतिको जनताको धारणा बुझ्ने र 'जनताको पार्टी कांग्रेस हो' भन्ने विश्वास दिलाउन प्रयास गरिने बताए ।

नेता निधिले यो अभियान आगामी २०८४ सालमा हुने निर्वाचनलाई केन्द्रित गरेर सञ्चालन भएकाले इमान्दाररुपमा सबै नेता तथा कार्यकर्ता लाग्नुपर्ने बताए। उनले अहिले संयुक्त सरकार भएकाले निर्वाचनमा जनतासँग वाचा गरेअनुसार काम हुन नसके पनि गठबन्धनको आवश्यकता भने आगामी निर्वाचनसम्म हुनुपर्ने बताए ।


नेता निधिले सङ्घीयताको मर्मअनुसार प्रदेशले आफ्नो पूर्ण अधिकार प्रयोग गर्न पाउनुपर्ने बताए । त्यसका लागि प्रदेश सरकार मातहतमा प्रदेश प्रहरी, कर्मचारी सङ्गठन निर्माणसँगै कामका लागि केन्द्र धाउनुपर्ने बाध्यताको अन्त्य हुनुपर्ने बताए।

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : प्रेम प्रसंग, मित्र सुख । |
| बृष | : सुख समृद्धि हुने । |
| मिथुन | : भ्रमण अवसर हुने । |
| कर्कट | : अवसर प्राप्त । |
| सिंह | : वाद विवादबाट बच्नु । |
| कन्या | : पुरस्कार प्राप्त लाभ । |
| तुला | : नयाँ कार्य हुने । |
| वृश्चिक | : बौद्धिक क्षमता । |
| धनु | : प्रतिभा सम्पन्नता । |
| मकर | : शिक्षामा उन्नति । |
| कुम्भ | : पारिवाहिक सुख । |
| मीन | : धन वृद्धि सञ्चय । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सुनसरीको इनरुवामा माटोबाट बनाउँदै गरेको सरस्वतीको मूर्तिलाई आकार दिँदै स्थानीय मूर्तिकार मनोज मेहता। सरस्वतीको मूर्ति दुई हजार पाँच सयदेखि १० हजार रुपैयाँ सम्ममा बिक्री हुने गरेको छ।

*तस्विर : रासस*

# न्यायाधीश मरासेनीको निधनमा सर्वोच्चद्वारा दुःख व्यक्त

**टुडे समाचारदाता**

काठमाण्डु । सर्वोच्च अदालतलेन्यायाधीशमातृकाप्रसाद मरासेनीको निधनप्रति दुःख व्यक्त गरेको छ। उनको निधनबाट न्याय र कानुनको क्षेत्रमा अपूरणीय क्षति पुग्न गएको सर्वोच्च अदालतले जनाएको छ।

सर्वोच्च अदालतको आज बसेको पूर्ण बैठक (फूलकोट)ले उच्च अदालत पाटनका न्यायाधीश मरासेनीको निधनमा उच्च अदालत पाटन, हेटौँडा इजलास तथा ती मातहतका जिल्ला अदालत शोक बिदाका रूपमा बन्द रहने निर्णय गरेको छ।

"न्यायाधीश मरासेनीको निधनबाट राष्ट्रले एउटा सच्चा राष्ट्रप्रेमी र न्यायिक व्यक्तित्वलाई गुमाएको छ", पूर्ण बैठकपछि सर्वोच्च अदालतका प्रवक्ता वेदप्रसाद उप्रेतीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

> "न्यायाधीश मरासेनीको निधनबाट राष्ट्रले एउटा सच्चा राष्ट्रप्रेमीरन्यायिक व्यक्तित्वलाई गुमाएको छ"

न्यायाधीश मरासेनीको मङ्गलबार बिहान हृदयघातका कारण निधन भएको थियो । उहाँ न्यायाधीशका रूपमा सेवारत रहँदा स्वतन्त्र न्यायपालिकाको मूल्य मान्यतालाई स्थापित गर्न एवं न्याय र कानुनको क्षेत्रको विकासका लागि पुऱ्याउनु भएको योगदान अतुलनीय रहेको विज्ञप्तिमा उल्लेख छ।

विसं २०२४ जेठ २८ गते स्याङ्जामा जन्मनुभएका न्यायाधीश मरासेनीले २०५० साउन १ गतेदेखि नेपाल न्याय सेवामा शाखा अधिकृतको पदबाट सेवा प्रारम्भ गरेका थिए। उनी २०७० जेठ २७ गते जिल्ला न्यायाधीश पदमा नियुक्त भएका थिए । साथै उनी २०८० पुस १९ गते उच्च अदालतको न्यायाधीश पदमा नियुक्त भएका थिए । उनको मङ्गलबार साँझ पशुपति आर्यघाटमा अन्त्यष्टि गरिएको छ।

# पत्रकारितालाई व्यावसायिक र समृद्ध बनाउन सरकार प्रतिबद्ध छ : मन्त्री शर्मा

**टुडे समाचारदाता**

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले पूर्ण प्रेस स्वतन्त्रतालाई संरक्षण गर्दै पत्रकारिता क्षेत्रलाई थप विकसित, व्यावसायिक र समृद्ध बनाउन वर्तमान सरकार प्रतिबद्ध रहेको बताएकी छन्।



नेपाल टेलिभिजनको ३९औँ वार्षिकोत्सवका अवसरमा आयोजित समारोहलाई सम्बोधन गर्दै मन्त्री शर्माले नेपाल टेलिभिजन र रेडियो नेपाललाई एकीकरण गरी थप स्वतन्त्र, स्वायत्त र जनउत्तरदायी सार्वजनिक प्रसारणका रुपमा विकास गरिने बताईन्।

"विगतमा सरकारी स्वामित्वका सञ्चार माध्यमलाई एकोहोरो सरकारको प्रचारकका रुपमा मात्र बुझिन्थ्यो भने अब यसखालको कार्यशैलीमा परिवर्तन गर्न खोजिरहेका छौँ", उनले भनिन् । उनले सरकारी सञ्चारमाध्यम सरकारी सूचना सन्देश प्रकाशन/प्रसारण गर्ने एकोहोरो प्रचारक मात्र नभइ राज्यका सूचना, सन्देश र कार्य जनताको बीचमा लैजाने र जनताको आवाज र अपेक्षा राज्यसम्म पुऱ्याउने दोहोरो माध्यमका रुपमा रहेका बताईन्।

आमसञ्चार क्षेत्रको पुनःसरचनालाई ध्यानमा राखेर नीतिगत तथा कानुनी व्यवस्थाबारे सुझाव दिन आमसञ्चार क्षेत्र सुधार सुझाव समिति गठन गरिएको र सो समितिको प्रतिवेदनलाई मुख्य आधार बनाइ नेपाल मिडिया काउन्सिल विधेयक र आम सञ्चार विधेयक तयार पारिएको उनको भनाइ थियो । उनले आमसञ्चार नीति, २०७३ र सङ्घीय संरचना तथा अभ्यासबाट विकसित परिवेशअनुसार प्रदेश र स्थानीय तहलाई पनि बलियो बनाउने गरी आमसञ्चारको क्षेत्रमा नीति र कानुन निर्माणमा जोड दिइएको बताईन्।

मन्त्री शर्माले पत्रकारिता क्षेत्रले जनताको बलिदानबाट प्राप्त राजनीतिक उपलब्धिको रक्षा गर्ने र हाल समाजमा देखापर्न खोजिरहेका उशृखंल र अराजक प्रवृत्तिलाई निरुत्साहित गर्ने खालका सामग्री उत्पादन तथा प्रसारण/प्रकाशनमा जोड दिन आवश्यक रहेको बताईन्।

नेपाल टेलिभिजनको समय सापेक्ष विकास, विस्तार एवं रुपान्तरणमा सरकार सदैव तत्पर रहेको जानकारी दिँदै उनले चार दशक लामो गौरवपूर्ण इतिहास बोकेको नेपाल टेलिभिजन आगामी दिनमा अझ सुदृढ र लोकप्रिय प्रसारण माध्यमका रुपमा स्थापित हुन सकोस् भनी कामना गरिन्। सूचना प्रविधिको विकास र आम दर्शकको बदलिँदो शैलीलाई ध्यान दिएर हातहातमै टेलिभिजन हेर्ने व्यवस्था नगरे टेलिभिजनको पहुँच विस्तार गर्न कठिन रहेको उल्लेख गर्दै मन्त्री शर्माले चुस्त र स्वच्छ व्यवस्थापनबाट सञ्चालन लागतलाई प्रभावकारी बनाई सेवा प्रवाहमा गुणस्तरीयता ल्याउन आग्रह गरिन्।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव रामकृष्ण सुवेदीले गलत सूचनाबाट समुदायमा पर्नसक्ने नकारात्मक असर कम गर्न टेलिभिजनले भूमिका खेल्नुपर्ने बताए। जनमानसलाई सुसूचित गर्दै जिम्मेवार पत्रकारिता गर्नु नेपाल टेलिभिजनको जिम्मेवारी भएको उल्लखे गर्दै उनले संविधानले अङ्गीकार गरेको समावेशीतालाई साकार पार्न टेलिभिजन क्रियाशील हुनुपर्नेमा जोड दिए। कार्यक्रममा लामो समयसम्म अविछिन्न सेवा गर्ने कर्मचारीलाई दीर्घ सेवा पदक प्रदान गरिएको थियो।

# बजेटबारे विषयगत मन्त्रालयसँग छलफल सुरु

**टुडे समाचारदाता**

काठमाण्डु। आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटबारे विषयगत मन्त्रालयहरूसँग छलफल सुरु भएको छ। राष्ट्रिय योजना आयोगले बुधबार विभिन्न विषयगत मन्त्रालय र निकायसँग छलफल गरेको हो।




आगामी आवका लागि स्रोतको अनुमान र बजेटको सीमा (सिलिङ) तोक्नुअघि मन्त्रालयसँग छलफल गरिएको योजना आयोगका प्रवक्ता यमलाल भुसालले जानकारी दिए । "आगामी आवको बजेट सिलिङ तोक्नुअघि विभिन्न विषयगत मन्त्रालयसँग छलफल थालिएको छ । कुन मन्त्रालयले केकस्ता योजना र कार्यक्रम कार्यान्वयनका लागि केकति बजेट आवश्यक छ भन्नेलगायतका विषयमा छलफल भएको हो", उनले भने, "बजेटलाई यथार्थपरक र कार्यान्वयन योग्य बनाउनका लागि स्रोत अनुमान गर्ने र सिलिङ तोक्ने समयमा उनीहरुको सहभागिता खोजिएको हो।"

राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा स्रोत अनुमान समिति रहन्छ। विगतका वर्षमा उक्त समितिले विषयगत मन्त्रालयको सहभागिता र छलफलबिना नै बजेटको सीमा तोकेर सोही सीमाभित्र वार्षिक योजना तथा कार्यक्रमको प्रस्ताव माग गर्ने गरेको थियो । जसले गर्दा मन्त्रालयले बजेट अपुग भएको, छुट्याउनैपर्ने योजना तथा कार्यक्रममा बजेट नपरेको, कम प्राथमिकताका आयोजना तथा कार्यक्रममा बढी बजेट परेकोलगायत गुनासा आउने गरेका थिए । यस्तो समस्यालाई सम्बोधन गर्न यसपटक समितिले सिलिङ तोक्नुअघि पनि मन्त्रालयसँग छलफल गरेको हो।

यसपटक मन्त्रालयले के चाहन्छन् ?, कुन योजना तथा कार्यक्रम र प्राथमिकतामा राखेर बजेट छुट्याउने ?, उनीहरुको बजेट माग कति हो ? भन्नेजस्ता विषयलाई पहिले नै छलफल गरेर सोही आधारमा बजेट सिलिङ निर्धारण गरिने प्रवक्ता भुसालले बताए । उनका अनुसार चालु आवको पुस महिनासम्मको खर्चको अवस्थालाई विश्लेषण गरी आगामी आवको बजेटको स्रोत अनुमान र खर्चको सीमा निर्धारण गरिनेछ।

आयोगले बुधबार श्रम, सहरी विकास, वन तथा वातावरण, स्वास्थ्य तथा जनसंख्या, ऊर्जा जलस्रोत र संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग छलफल गरेको छ। त्यस्तै राष्ट्रपति तथा उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालतलगायत निकायसँग पछि छलफल भएको प्रवक्ता भुसालले जानकारी दिए । बिहीबार र शुक्रबार अरु मन्त्रालय र निकायसँग छलफल गर्ने कार्यतालिका बनाइएको आयोगले जनाएको छ। आयोगले हरेक मन्त्रालय र निकायसँग छुट्टाछुट्टै छलफल गर्ने जनाएको छ।

**'बजेट क्यालेन्डर' संशोधन**

सरकारको रिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले यही माघ ४ गते आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८० जारी गर्नुभएको थियो। सङ्घीय संसद्मा विनियोजन विधेयक (वार्षिक बजेट) प्रस्तुत हुनुभन्दा तीन महिनाअगावै बजेटका सिद्धान्त तथा प्राथमिकता पेस गरिसक्नुपर्ने व्यवस्थासहित अध्यादेशमार्फत बजेट क्यालेन्डर संशोधन भएको थियो। स्रोत निर्धारण समितिले बजेटको सीमा (सिलिङ) तोकिसक्नुपर्ने समयलाई पनि अध्यादेशमार्फत् संशोधन गरेको छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ११ (१) मा प्रत्येक आर्थिक वर्षका लागि विनियोजन विधेयक पेस गर्नुभन्दा कम्तीमा १५ दिनअगावै अर्थमन्त्रीले विनियोजन विधेयकमा समावेश हुने सरकारका बजेट तथा कार्यक्रमका सिद्धान्त र आयोजना वा कार्यक्रमको प्राथमिकताको विवरण सङ्घीय संसद्मा प्रस्तुत गरिसक्नुपर्ने व्यवस्था रहेको थियो । यो व्यवस्थालाई अध्यादेशबाट संशोधन गरी 'विनियोजन विधेयक ल्याइनुभन्दा तीन महिनाअगावै बजेटका सिद्धान्त र प्राथमिकतामा संसद्मा पेस गरिनुपर्ने' व्यवस्था ल्याइएको छ।

सङ्घीय सरकारले विनियोजन विधेयक जेठ १५ गते संसद्मा पेस गर्नुपर्ने कानुनी व्यवस्था रहेअनुसार सरकारले विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता फागुन १५ भित्रमा संसद्मा पेस गरिसक्नुपर्नेछ। त्यस्तै, बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकतामाथि संसद्मा छलफल भएर एक महिनाभित्र सरकारलाई सुझाव जानेछ।

अध्यादेशमार्फत आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको दफा ७ मा संशोधन गरिएको छ । ऐनको उक्त दफामा स्रोतको अनुमान र खर्चको सीमा निर्धारण गर्ने (सिलिङ) सम्बन्धी व्यवस्था रहेको छ। दफा ७ (१) मा योजना आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वअनुमान चालु आर्थिक वर्षको माघ १५ गतेभित्र गरिसक्नुपर्नेछ भनी व्यवस्था रहेको थियो। अध्यादेशमार्फत उक्त व्यवस्थालाई संशोधन गरी माघ मसान्तसम्म गरिसक्नुपर्ने बनाइएको छ। अर्थात्, स्रोत अनुमान समितिले माघ मसान्तभित्रमा बजेट सिलिङ तयार पारेर फागुन ७ गतेभित्र सबै मन्त्रालयलाई उपलब्ध गराइसक्नेछ।

ऐनको दफा ८ (१) मा संशोधन भएको छ । उक्त दफामा योजना आयोगले स्रोत अनुमान समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधीनमा रही आगामी तीन वर्षको बजेट तर्जुमाका लागि बजेट सीमा, मध्यमकालीन खर्च संरचनाको खाकासमेत उल्लेख गरी बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा चालु आर्थिक वर्षको माघ मसान्तभित्र सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय वा निकायमा पठाइसक्नुपर्नेछ भनी व्यवस्था गरिएको थियो । अध्यादेशमार्फत यो व्यवस्थामा संशोधन गरी स्रोत समितिले बजेट सिलिङ र मध्यमकालीन खर्च संरचनासम्बन्धी विवरण फागुन ७ गतेभित्र सम्बन्धित मन्त्रालयमा पठाइसक्नुपर्नेछ।

**प्रदेश र स्थानीय तहसंग योजना माग**

राष्ट्रिय योजना आयोगले गत पुस पहिलो साता प्रदेश र स्थानीय तहलाई परिपत्र गर्दै आगामी आवका लागि सङ्घीय समपूरक तथा विशेष अनुदानअन्तर्गत सञ्चालन गरिने आयोजना र कार्यक्रमका लागि प्रस्ताव माग गरिसकेको छ । प्रदेश र स्थानीय तहलाई यस्तो अनुदान शीर्षकअन्तर्गत कार्यान्वयन हुने योजना तथा कार्यक्रमको प्रस्ताव यही माघ मसान्तभित्र पेस गरिसक्न भनिएको छ।

# बृहत् यौनिकता शिक्षाको पहुँच सुनिश्चित गर्न माग

**टुडे समाचारदाता**

सुर्खेत । अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकारका लागि पैरवि गर्दै आएका विभिन्न सङ्घसस्थाले कर्णाली प्रदेश सरकारलाई नौ बुँदे ध्यानाकर्षणपत्र बुझाएका छन् । राष्ट्रिय अपाङ्ग महासङ्घको अगुवाइमा उनीहरूले सबैका लागि बृहत् यौनिकता शिक्षामा पहुँच सुनिश्चित गर्नु सुझाव दिएका छन् । यौन तथा प्रजनन स्वास्थ्य र अधिकारका लागि बृहत् यौनिकता शिक्षा आवश्यक भएको जनाउँदै माध्यमिक तहमा स्वास्थ्य तथा जनसंखया विषयलाई ऐच्छिक बनाइएको भए पनि किशोरकिशोरी यौन र यौनिकताबारे अनुसन्धानमा आधारित सिकाइबाट बञ्चित रहेको उल्लेख गरिएको छ। विभिन्न प्रकारका अपाङ्गताका लागि सबै सिकाइ सामग्री पहुँचयोग्य ढाँचामा विकास गरिनुपर्ने सुझाव दिइएको छ।

अपाङ्गतामैत्री प्रजनन स्वास्थ्य तथा सुरक्षित मातृत्व सेवासम्बन्धी निर्देशिका, २०७९ ले यौन तथा प्रजनन स्वास्थ्य अधिकारका लागि समावेशी सूचना, शिक्षा र सञ्चार सामग्री अपाङ्गतामैत्री मापदण्डहरू सिफारिस गरेको जनाउँदै समावेशी सूचना, शिक्षा, सञ्चारलाई अपनाएर चेतना र ज्ञान बढाउनतर्फ कार्यक्रम बनाउनसमेत सुझाव दिइएको छ।

यौन तथा प्रजनन स्वास्थ्य अधिकारको दायराभित्र जानकारी र हेरचाह प्रदान गर्न टेलिहेल्थ सेवाको प्रयोग सुरु तथा विस्तार गर्नुपर्ने जनाउँदै यसले अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकता पूरा गर्न प्रतिवादन गर्ने सुझावमा उल्लेख गरिएको छ । त्यसैगरी सम्मानजनक र मर्यादित हेरचाहका लागि स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि गर्नुपर्ने, यौन तथा प्रजनन स्वास्थ्यका लागि स्वहेरचाहका कार्यक्रम सञ्चालन गर्नुपर्ने, स्वास्थ्य सेवालाई थप पहुँचयोग्य बनाउन हालका कानुन प्रभावकारी कार्यान्वयन गर्नुपर्ने सुझाव दिइएको छ । स्थानीयस्तरका हरेक निकाय र संस्थामा अपाङ्गता भएका व्यक्तिलाई सदस्य राखिनुपर्ने भन्दै प्रत्येक मुद्दामा अपाङ्गताको सवाललाई समेटिनुपर्नेलगायतका सुझाव प्रदेश सरकारलाई दिइएको छ।

यसैबीच अपाङ्गता भएका महिला दोहोरो विभेदमा पर्ने गरेको जनाउँदै यतातर्फ सरकारले ध्यान दिनुपर्ने माग गरेका छन् । कर्णाली ग्रामीण उत्थान तथा समाज विकास केन्द्र (सिडिएस पार्क) मुगुले मंगलबार सुर्खेत वीरेन्द्रनगरमा आयोजना गरेको अन्तर्क्रिया कार्यक्रमका सहभागीले अपाङ्गता भएका महिला दोहोरो विभेदमा पर्ने गरेको बताएका हुन्।

समूहगत छलफलमा सहभागी नेत्रहीन महिला अधिकारकर्मी सोमना खड्काले अपाङ्गता भएका व्यक्तिलाई अहिले पनि समाजमा विभेद गर्ने गरिएको जनाउँदै त्यसमाथि पनि अपाङ्गता भएका महिला दोहोरो विभेदमा पर्ने गरेको बताए। उनले कर्णालीमा महिनावारी भएको समयमा छाउगोठमा बस्नुपर्ने बाध्यता रहेको भन्दै अपाङ्गता भएका महिलालाई झनै समस्या यो प्रथाले बनाएको बताए।

उनले गर्भवती परीक्षण गर्न तीन दिनको बाटो हिँडेर स्वास्थ्य संस्थामा जानुपर्ने बाध्यता रहेको ,अपाङ्गता भएका गर्भवती कसरी जाँच गर्न जान सक्छन् भन्दै प्रश्न गरे । अपाङ्गता भएका गर्भवती कति हुन्छन् र कति छन् भन्ने कुनै निकायसँग तथ्याङ्क नरहेको उनले बताए।


## श्री धर्म संस्था
### (रामस्वरुप साह, रामसागर साह)
### मिल्स एरिया, जनकपुरधाम -१

**सूचना ! सूचना !! सूचना !!!**

यस श्री धर्म संस्थाको आर्थिक वर्ष २०८०/०८१ को आन्त्रिक लेखा परीक्षण गराउनको लागि यस संस्थाको स्वीकृत विधान र नेपाल सरकारको नियमअनुसार लेखा परीक्षण गर्न नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्थाबाट पेशागतप्राप्तगरिएको प्रमाण-पत्रनविकरण भएको र आ.व.२०७९/०८० को कर चुक्ताको प्रमाण पत्र । सूचनाप्रकाशितमितिले १५ (पन्ध्र दिन) भित्र संस्थामाउक्त प्रमाणपत्रहरुको फोटोकपी संलगन गरी आवेदनदिनु हुनआह्वानगरिएको छ। अन्यविस्तृत जानकारीको लागि संस्थाको कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ।

**नोट :**

१. नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्थाबाट पेशागत क र ख वर्गका प्राप्त गरिएको प्रमाण-पत्र लेखापरिक्षकले मात्रआवेदनदिनु हुन।
२. निजले आफनो पारिश्रमिकआवेदन साथउल्लेख गर्नु पर्छ।
३. आन्त्रिक लेखा परीक्षणको प्रतिवेदन त्रेमासिकमा पेश गर्नु पर्छ।

**सचिव**



## सिभिल बचत तथा ऋण सहकारी संस्था लि.
### जनकपुरधाम-०४ मुरली चौक, धनुषा, नेपाल

**कर्मचारी आवश्यकता**


प्रथम प्रकाशित मिति २०८०/१०/१८

यस सिभिल बचत तथा ऋण सहकारी संस्था लि. का लागी निम्नानुसारको कर्मचारीहरु आवश्यक भएको हुँदा इच्छुक नेपाली नागरिकहरुले यही मिति २०८०/१०/२६ सम्ममा यस संस्थाको कार्यालयमा उपस्थित भई वा इमेल मार्फत आवेदन दिनु हुने यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र.स. | पद | संख्या | योग्यता |
|---|---|---|---|
| १. | Branch Manager | १ | मान्यता प्राप्त संस्थाबाट स्नाकोत्तर तह उतिर्ण गरि कम्तिमा २ वर्ष कार्य अनुभव भएको |
| २. | Relationship Officer (Loan) | १ | मान्यता प्राप्त संस्थाबाट स्नातक तह उतिर्ण गरि कम्तिमा १ वर्ष कार्य अनुभव भएको |
| ३. | Relationship Officer (Deposit) | २ | मान्यता प्राप्त संस्थाबाट स्नातक तह उतिर्ण गरि कम्तिमा १ वर्ष कार्य अनुभव भएको |
| ४. | Cashier | १ | मान्यता प्राप्त संस्थाबाट १०+२ तह उतिर्ण गरि कम्तिमा १ वर्ष कार्य अनुभव भएको |
| ५. | Front Desk Officer | १ | मान्यता प्राप्त संस्थाबाट १०+२ तह उतिर्ण गरेको |
| ६. | Office Assistant | १ | मान्यता प्राप्त संस्थाबाट १० उतिर्ण गरेको |

१. आवेदकहरुले आवेदनमा आफुले काम गर्न चाहेको पद, अनुभव र सम्बन्धित पदका लागि तोकिएकोशैक्षिक योग्यताको प्रमाणप्रत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि र Bio–data सहित यस संस्थाको कार्यालयमा उपस्थित भई वा email: civilsaccos@gmail.com मा मिति २०८०/१०/२६ गते सम्ममा पठाईनु पर्ने छ।
२. छनौटको किसिमः प्रारम्भिक रुपमा छनौट सूचीमा परेका प्रतिस्पर्धीहरुलाई अन्तर्वार्ताको माध्यमबाट छनौट गरिनेछ।
३. सवारी साधन र अनुमति पत्र प्राप्त लाई प्राथमिकता दिइनेछ ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# महिला सकृयता आवश्यक

नेपालमा महिलालाई राजनीतिक क्षेत्रमा ३३ प्रतिशत आरक्षण दिएको छ। सरकारी जागिरमा पनि महिलालाई ३३ प्रतिशत आरक्षणको व्यवस्था छ। जागिरमा प्रवेश अवधि पनि पुरुषको भन्दा महिलाको बढी छ। देशको राष्ट्रपति पनि महिला भइसकेकी छन् । सर्वोच्च अदालतको प्रधानन्यायाधीश पनि महिला बनेकी छन् । प्रतिनिधि सभाको सभामुख भएर पनि महिलाले संसदको सञ्चालन गरिसकेकी छन् । अन्य बिभिन्न क्षेत्रमा महिलाहरु अगाडि देखिएकी छन् । देशको प्रधानमन्त्री, सेना, सशस्त्र र नेपाल प्रहरीको प्रमुख लगायतका कयौं महत्वपूर्ण पदमा महिला अझै पुग्न बाँकी छ। महिलाका लागि अब निषेधित क्षेत्र प्रायः रहेको छैन् । योग्यता र क्षमता भएका महिलाहरुका लागि सबै क्षेत्रमा अवसर खुल्ला भएको छ । विगतको जस्तो अवस्था अब छैन् । महिलाहरुको पहुँच भएको निकायमा पनि पुरुषको भन्दा कमजोर प्रगति छैन् । अवसर पाएकी महिलाले सफलता पूर्वक कार्य सम्पादन गरेकी छन् । तर महिलामाथिको हिंसा र विभेद अझै समाप्त भइसकेको छैन् । देशमा विगत केही वर्षदेखि उल्लेख्य रुपमा सम्बन्ध विच्छेदको घटना बढेको छ। समझदारीबाट महिला र पुरुषले विवाह गर्ने अथवा अभिभावकको सहमतिमा विवाह गर्ने दुबै प्रकृयामा भएका विवाह मध्ये सम्बन्ध बिच्छेद हुने क्रम बढेको छ। सम्बन्ध विच्छेदको क्रम बढनु सकारात्मक होइन् । त्यसले महिलामाथिको विभेद अथवा महिलाको स्वतन्त्रतामाथि परेको आघातलाई बुझाउछ। महिलामाथि हिंसा पनि सम्बन्ध विच्छेदको प्रमुख कारण हो । स्वतन्त्रताको विषय दोस्रो हुन सक्छ । अझै पनि महिलाहरु पूर्ण रुपमा औपचारिक शिक्षा पाइरहेका छैनन् । कयौं दलित, विपन्न परिवारका बालिकाहरु विद्यालय जानबाट बञ्चित छन्। हुनत विद्यालय जानबाट दलित, विपन्न परिवारका बालकहरु पनि बञ्चित छन्। कयौं सामाजिक विकृतिहरुका कारण महिलाहरु हिंसामा पर्ने गरेका छन्। अझै पनि उनीहरुले आफ्ना न्यायका लागि अगाडि बढन सकिरहेका छैनन् । दाइजोको पीडाबाट सम्पूर्ण रुपमा महिलाहरु मुक्त हुन सकेका छैनन् । भूतप्रेत, धामीझाँक्रीहरुको अन्धविश्वासको प्रकोपमा महिलाहरु नै पर्ने गरेका छन् । महिलालाई अझै पनि कयौं परिवारले स्वतन्त्र रुपमा काम गर्ने अवसर दिइरहेको छैन्। राजनीतिमा लागेका महिलाहरु मध्ये पनि धेरैले अवसर पाउन सकिरहेकी छैनन् । नातावादले महिलाहरुलाई पनि पछाडि पारिएको छ । महिलामाथि हुने सबै प्रकारको हिंसा र विभेदको अन्त्य गरी समतामूलक समाजको स्थापना हुनसके महिलाको देश निर्माणमा योगदान निकै बढने निश्चित छ। त्यसका लागि राजनीतिक दलका नेताहरु इमान्दारीपूर्वक उदार हुनुपर्छ।

# के समाजवादमा जातको अन्त्य हुन्छ ?

मेखराज उदय

समाजवाद शब्दको प्रथम प्रयोग सन् १८२७ मा रोबर्ट ओवेनले गरेका थिए । १७७१ सालमा बेलायतमा जन्मिएका ओवेन समाजवाद र सहकारिताको संस्थापक मानिन्छन् ।

समाजवादको सामान्य अर्थ हुन्छ, वस्तुको उत्पादन मान्छेको आवश्यकता पूर्ति गर्नका लागि हुनुपर्दछ; व्यापार तथा लाभ प्राप्त गर्नका लागि होइन। समाजवादी व्यवस्थामा लेनदेन प्रतियोगितामा आधारित हुँदैन, त्यो सहयोगमा आधारित हुन्छ । समाजवादले मानिसको उन्नति यहीं रोकिदिन्छ।

यसको अलावा उत्पादनबाट आर्थिक लाभ प्राप्त गर्ने व्यवस्था पूँजीवादी व्यवस्थाको उपज हो। जहाँबाट मानिसको उन्नति, प्रगतिको प्रवेशद्वार खुल्दछ। समाजवादले त्यसलाई अस्वीकार गर्दछ। यो नै समाजवादी अर्थ व्यवस्थाको अव्यावहारिक वा कमजोर पक्ष हो ।यसर्थ व्यक्तिले आफ्नो क्षमता/योग्यता अनुसार राज्यलाई श्रम दिने र आवश्यकता अनुसार सेवा लिने व्यवस्था नै मार्क्सीय समाजवादको सार हो।

उदाहरणका लागि एक जना व्यक्तिले प्रति महिना १ लाख बराबरको श्रम गर्दछ तर उसको आवश्यकता जम्मा ५० हजार मात्रै हो भने उसको आवश्यकता बमोजिमको जम्मा ५० हजार मात्रै प्राप्त गर्दछ। अर्को व्यक्तिको आवश्यकता मासिक १ लाख हो तर उसको श्रम गर्ने क्षमता जम्मा ५० हजार बराबरको मात्रै छ भने उसलाई राज्यले थप ५० हजार उपलब्ध गराउनेछ।

मार्क्सवाद अनुसार मानिसबाट प्राप्त हुने भनेकै श्रम मात्रै हो । श्रम दुई प्रकारका हुन्छन् । पहिलो शारीरिक श्रम र दोस्रो हो, मानसिक श्रम । मार्क्सीय समाजवादमा सम्पत्ति, उत्पादनको नियन्त्रण समाज वा राज्यको अधीनस्थ हुन्छ । निजी सम्पत्तिको शून्यता वा निषेध र सम्पत्तिको पूर्ण स्वामित्व राज्यको हुने नै समाजवादी व्यवस्था हो।

### मार्क्सवादको कमजोरी

केही दिनअघि माओवादी पार्टीका पूर्व नेता डा. बाबुराम भट्टराईले अनलाइनखबरमा अन्तर्वार्ता दिँदै मार्क्सवादी व्यवस्थाको यथार्थपरक विश्लेषण गरे । डा. भट्टराईको स्वीकारोक्ति छ- 'संसारमा अब कम्युनिस्ट प्रणाली भन्ने नै रहँदैन । किनभने त्यसको मुख्य कुरा भनेको निजी सम्पत्तिको अन्त्य हो । कम्युनिस्ट घोषणापत्रले व्याख्या गरको साम्यवाद भनेको निजी सम्पत्तिको अन्त्य हो । तर, निजी सम्पत्ति अन्त्य हुने कुरा होइन रहेछ।'

आफ्नो ऊर्जाशील युवा वयभरि कम्युनिस्ट सिद्धान्त बमोजिमको जनवादी राज्यसत्ता स्थापना गर्ने उद्देश्यका साथ सशस्त्र विद्रोहमा होमिएका मात्रै होइन, २०५२ सालदेखि माओवादी पार्टीको नाममा करिब १० वर्ष सञ्चालित हिंसात्मक राजनीतिको मुख्य नेतृत्वमध्येका एक नेता हुन्, भट्टराई। उनको व्यक्तिगत र राजनीतिक जीवनको उत्तरार्धको यो बखत खुलेको चेतबाट धेरै सत्यको उजागर भने भएको छ।

भट्टराईका अन्य धेरै विचार, व्यवहार र मान्यताहरूसँग पंक्तिकारको असहमति छन्। तथापि यो सत्य निकट निष्कर्षको भने विरोध गर्ने ठाउँ भेटिएन।

यद्यपि सर्वहारा वर्गको अधिनायकत्वको चरण, समयावधि कति रहन्छ ? यो प्रश्नको सवाल मार्क्स, एंगेल्स, लेनिन वा माओ कोही कसैले दिन सकेनन्।

डा. भट्टराईको जीवन-मन्थनपछिको यो निष्कर्ष जस्तै २५ सय वर्ष अगाडि बुद्धले यस्तै कुरा भनेका थिए। तथागत बुद्धले वर्ग संघर्ष कहिल्यै अन्त्य हुँदैन भनेका छन्। उनी भन्छन्- 'कुनै एक शोषित वा श्रमिक वर्गले शासक वर्गको विरुद्ध वर्ग संघर्ष गऱ्यो। मानौं त्यो मजदुर वर्गले सत्ता हत्यायो । अब सत्ताच्युत बन्न पुगेको वर्ग सत्ताविहीन बन्दछ । सत्ताविहीन बन्न पुगेको त्यो पूर्व शासक वर्ग पुनः सत्ता, शक्ति प्राप्तिको लागि संघर्ष गर्न थाल्दछ। यसर्थ सत्ता संघर्ष चलिरहन्छ। अतः वर्ग संघर्ष कहिल्यै समाप्त हुँदैन।'

तर कार्ल मार्क्सले करिब डेढ सय वर्ष पूर्व वर्ग संघर्षको कल्पना गरेका छन्। मार्क्सले भनेको समाजवाद, वर्ग संघर्ष र साम्यवादबारे थप चर्चा गरौं।

मार्क्सवादले मानव सभ्यता र समाजलाई दुई वर्गमा विभाजित गरेर बुझ्दछ। एक शोषित वर्ग र दोस्रो शोषक वर्ग । मार्क्सको विश्वास छ, शोषक वर्गले उत्पादनको स्रोत र संसाधनमाथि आफ्नो प्राधिकार राख्ने प्रयास गर्दछ र अर्को अर्थात् शाषित वर्गलाई निरन्तर बुर्जुवा विचारधाराको आडमा वञ्चित गरिराख्छ। शोषित वर्गलाई उक्त षड्यन्त्रको जानकारी भइसकेपछि वर्ग संघर्षको भूमि तयार हुन्छ।

वर्गविहीन समाज अर्थात् साम्यवाद स्थापनार्थ वर्ग संघर्ष एक अनिवार्य प्रक्रिया हो । मार्क्सवाद पूँजीवादको एक प्रतिक्रिया हो। मार्क्सवाद पूँजीवादी व्यवस्थालाई अन्त्य गर्नका लागि हिंसात्मक साधनको प्रयोगलाई अनिवार्य मान्दछ । मार्क्सवाद लोकतान्त्रिक संस्थाहरूलाई पूँजीपतिको संस्था मान्छ जो पूँजीपतिको हित र श्रमिकको शोषणका लागि बनाइएको ठान्दछ।

मार्क्सवादको मुख्य एवं आधारभूत सिद्धान्त– द्वन्द्वात्मक भौतिकवाद, ऐतिहासिक भौतिकवाद, अतिरिक्त मूल्यको सिद्धान्त, वर्ग संघर्ष, क्रान्ति, सर्वहारा वर्गको अधिनायकत्व र साम्यवाद हुन् । त्यस्तै मार्क्सवादका ३ महत्वपूर्ण लक्ष्य छन्। पहिलो, श्रमिकद्वारा राजनीतिक सत्ताको विजय। दोस्रो, निजी सम्पत्तिको उन्मूलन र तेस्रो हो, एक वर्गविहीन र राज्यविहीन कम्युनिस्ट समाजको अन्तिम स्थापना।

यद्यपि सर्वहारा वर्गको अधिनायकत्वको चरण, समयावधि कति रहन्छ ? यो प्रश्नको सवाल मार्क्स, एंगेल्स, लेनिन वा माओ कोही कसैले दिन सकेनन् । लेनिनको नेतृत्वमा स्थापित रसियन कम्युनिस्ट सत्ता विघटन भएर जाँदासम्म त्यो भनिएको सर्वहारा वर्गको अधिनायकत्वको चरण पूरा भई वर्गविहीन, राज्यविहीन भनिएको साम्यवाद कहिल्यै आएन । चीनमा झनै आउने सम्भावना छैन। मार्क्सको फेलियर (असफता) हो यो। वर्तमान विश्वमा पाँच कम्युनिस्ट देशहरू छन्। ती हुन्- चीन, क्युबा, लाओस, उत्तरकोरिया र भियतनाम।

### समाजवादको मान्यता

मार्क्सवादी समाजवादपछि लोकतान्त्रिक समाजवाद एक राजनीतिक विचारधारा हो । जो राजनीतिक लोकतन्त्रको साथै उत्पादनका साधनको सामाजिक स्वामित्वको वकालत गर्दछ । यसको अधिकतम जोड समाजवादी आर्थिक प्रणालीको लोकतान्त्रिक प्रबन्धनमा आधारित रहन्छ । लोकतान्त्रिक समाजवादको प्रणेता सेन्ट साइमनलाई मानिन्छ। उनले एक समाजवादी समाजको वकालत गरे, जसले पूँजीवादको अव्यवस्थित पक्षहरूको अन्त्य र समान अवसरमा आधारित व्यवस्था स्थापना गर्नेछ।

हाल लोकतान्त्रिक समाजवादी व्यवस्था अंगीकार गरिरहेका मुलुकहरूमा नर्वे, फिनल्याण्ड, स्वीडेन, डेनमार्क, ग्रेट ब्रिटेन, स्विट्जरल्याण्ड, अष्ट्रेलिया, जापान र न्यूजिल्याण्ड आदि छन् । भारतको संविधानमा तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीले लोकतान्त्रिक समाजवाद लेखाइन्।

यता नेपालको संविधानमा समाजवाद उन्मुख भनी लेखिएको भएतापनि त्यसको स्पष्ट व्याख्या कहीं कतै भेटिंदैन । व्यवहारमा भने दुवै देश अति पूँजीवादको भुमरीमा फसेको भान हुन्छ। दलहरू भने समाजवादी नामको स्वैरकल्पनामा डुबेका छन्।

नेपालको संविधानमा समाजवाद उन्मुख भनी लेखिएको भएतापनि त्यसको स्पष्ट व्याख्या कहीं कतै भेटिंदैन । व्यवहारमा भने दुवै देश अति पूँजीवादको भुमरीमा फसेको भान हुन्छ। दलहरू भने समाजवादी नामको स्वैरकल्पनामा डुबेका छन् ।भारतरत्न, संविधान निर्माता विद्वान् डा. भीमराव अम्बेडकरले राज्य (प्रदेश) समाजवादको सिद्धान्त अघि सारेका छन् । उनको बुझाइ अनुसार निजी उद्योगहरूलाई मान्यता दिँदै धेरैभन्दा धेरै उत्पादन बढाएर सम्पत्तिको समान विभाजनको प्रावधान निर्माण गरी समाजको आर्थिक जीवन व्यवस्थित गर्ने जिम्मेवारी राज्यको हो।

> एक वयस्क पुरुष र महिलाबीच व्यक्तिगत रोजाइमा विवाह गर्ने अधिकार दिने हो भने जात व्यवस्था धर्मराउँदै जाने र अन्त्य हुनेछ । यही जात व्यवस्थालाई जीवित राख्न बालिका विवाह, सती प्रथा आदि व्यवस्था मिलाइएका हुन् । त्यसैले जात व्यवस्था अन्त्यका लागि अनुपयुक्त र काल्पनिक समाजवादी समाज निर्माण गर्न ऊर्जा, समय र विवेक दुरुपयोग नगरौं ।

समाजमा दुर्बल पक्षको सुरक्षाको निम्ति राज्य समाजवादको सिद्धान्त उनले प्रस्तुत गरे । यसका मुख्य बुँदा यस प्रकार छन् :

पहिलो, मूलभूत उद्योग राज्य (प्रदेश) सरकारको नियन्त्रणमा हुनेछन् र तिनलाई प्रदेश सरकारद्वारा चलाउनेछ । दोस्रो, आधारभूत उद्योग राज्यको नियन्त्रणमा हुनेछन्। त्यो राज्य सरकार वा उसले स्थापित गर्ने महामण्डलद्वारा सञ्चालन गरिन्छ। तेस्रो, बीमा उद्योगमा सरकारको नियन्त्रण रहनेछ । प्रत्येक नागरिकलाई उसको आयको क्षमता अनुसार बीमा निकाल्न प्रदेश सरकार बाध्य बनाउनेछ । चौथो, कृषि उद्योग राज्यका राष्ट्रिय उद्योग हुनेछन् । पाँचौं, निजी उद्योग, निजी बीमा कम्पनी आदिमाथि राज्य (प्रदेश) सरकार आफ्नो नियन्त्रण स्थापित गर्दछ। यसको सट्टामा ती व्यक्तिको ऋण स्थगनका रूपमा मूल्य प्रदान गरिनेछ । कानुनद्वारा निर्धारित दरका आधारमा व्याज लिने हक ती एजेन्टसँग हुनेछ ।उपलब्ध जमिनलाई प्रदेश सरकारद्वारा निर्धारित टुक्रामा विभाजन गरी उक्त जमिन गाउँका सबै किसानलाई निश्चित शर्तसहित खेती गर्नका लागि दिइनेछ। जमिनको बाँडफाँट गरिंदा धर्म, जात, सम्प्रदाय आदि कुनै प्रकारको विभेदरहित हिसाबले बाँडिनेछ । त्यस्तो सामूहिक खेती गर्न पानी, पशु, औजार, बीज, मल आदिका लागि आर्थिक सहयोग गर्ने व्यवस्था प्रदेश सरकारले गर्नेछ।

प्रदेश सरकारले खेतीको उत्पादनमा कर लगाउन सक्नेछ । डा. अम्बेडकरले आर्थिक जीवन जस्तो महत्वपूर्ण क्षेत्रमा राज्य (प्रदेश) समाजवादको सिफारिस गरेका छन्।

### समाजवाद र जात व्यवस्था

सन् १९१७ मा लेनिनको नेतृत्वमा रूसमा सम्पन्न भएको अक्टोबर क्रान्तिले समताको मात्रै विकास गरेको इतिहास छ । भाइचारा अर्थात् समानता स्थापना गर्न असफल भएका थिए । मार्क्सीय समाजवादको मुख्य उद्देश्य र लक्ष्य वर्ग अर्थात् आर्थिक असमानताको अन्त्य गर्नु हो।

मार्क्सले स्पष्ट भनेका छन्– 'आजसम्मको सम्पूर्ण मानव इतिहास भनेको वर्ग संघर्षको इतिहास हो।' तर दक्षिणएसियाको भारतवर्ष, यसको पेरीफेरी र हिन्दु अतिवादी धार्मिक राजनीति रहेका मुलुकहरूको अवस्था मार्क्सको बुझाइमा आकाश-जमिनको फरक छ। यहाको मूल समस्या वर्ण (जात) व्यवस्था हो । यहाँ कोही पनि गरिब भएकाले अछूत वा जातको श्रेणीमा परेका हैनन्।

एक वयस्क पुरुष र महिलाबीच व्यक्तिगत रोजाइमा विवाह गर्ने अधिकार दिने हो भने जात व्यवस्था धर्मराउँदै जाने र अन्त्य हुनेछ। यही जात व्यवस्थालाई जीवित राख्न बालिका विवाह, सती प्रथा आदि व्यवस्था मिलाइएका हुन्।

बरु अछूत बनाइएकाले, विभेद र दमन गरिएकाले निमुखा बन्न बाध्य पारिएका हुन्। आज कुनै व्यक्तिलाई सम्पन्न बनाइयो भने के उसलाई विभेद गरिंदैन ? अथवा धनी बनेपछि व्यक्तिको जात बढ्छ ? विगत चार हजार वर्षमा यस्तो कतै भएन। त्यसैले हाम्रो मूल समस्या गरिबी होइन रहेछ। वर्णाश्रम नामको विशेष व्यवस्था छ, जसले जातको निर्धारण गर्दछ। त्यसैका आधारमा विभेद गरिन्छ। यस्तो व्यवस्थाका सम्बन्धमा मार्क्सवाद, मार्क्सीय समाजवाद, साम्यवाद बोल्दैन। त्यसैले समाजवाद आउँदैमा जात र जात व्यवस्थाको अन्त्य हुन सम्भव छैन।

डा. अम्बेडकरको निष्कर्षमा अन्तरजातीय विवाह र बुद्ध धम्म (धर्म होइन) को बाटोबाट जातीयता समाप्त हुने ठोकुवा गर्दछन्। ब्राह्मणवादको अन्त्य नै जात व्यवस्थाको अन्त्य हो। ब्राह्मणवादका तीन आधार छन् । पहिलो, जात व्यवस्था । दोस्रो, पितृसत्ता र तेस्रो, भाग्यवाद हुन्। स्वजातीय विवाह र सन्तानको विवाहमा अभिभावकको विशेषाधिकार नै जात व्यवस्था जीवन्त राख्ने सूत्र हुन्।

एक वयस्क पुरुष र महिलाबीच व्यक्तिगत रोजाइमा विवाह गर्ने अधिकार दिने हो भने जात व्यवस्था धर्मराउँदै जाने र अन्त्य हुनेछ। यही जात व्यवस्थालाई जीवित राख्न बालिका विवाह, सती प्रथा आदि व्यवस्था मिलाइएका हुन्। त्यसैले जात व्यवस्था अन्त्यका लागि अनुपयुक्त र काल्पनिक समाजवादी समाज निर्माण गर्न ऊर्जा, समय र विवेक दुरुपयोग नगरौं ।डा. अम्बेडकरको राज्य समाजवाद वा लोकतान्त्रिक समाजवाद उपयुक्त व्यवस्था ठहर्छ। त्यसैले निष्कर्षमा भन्न सकिन्छ कि पूँजीवादले जात व्यवस्था अन्त्य गर्न भूमिका खेलेको हुन्छ।

# संरक्षणको पर्खाइमा बाल्मीकि आश्रम

राधेश्याम विश्वकर्मा

बाल्मीकि आश्रम जान त्रिवेणी हुँदै गण्डक ब्यारेजबाट पारिपट्टि भारतको बाल्मीकि नगर हुँदै जानुपर्छ । नेपालतर्फबाट बागमती प्रदेशमा रहेको चितवन राष्ट्रिय निकुञ्जको नियन्त्रणमा रहेको बाल्मीकि आश्रममा जाने बाटो नभएकाले गण्डकी प्रदेशबाट गण्डक ब्यारेज हुँदै भारतको बाल्मीकि नगर पुग्नुपर्ने बाध्यता रहेको छ।

गण्डक ब्यारेजको छेउ हुँदै बाल्मीकि नगरबाट केहीबेर हिँडेपछि बाल्मीकि रिजर्भ टाइगर रिसोर्ट आउँछ । पहिलो सोधपुछ त्यहीं हुन्छ। त्यहाँ एक सय रुपैयाँ गाडी प्रवेश शुल्क तिरेपछि प्रवेश गर्न पाइन्छ । त्यहाँबाट भित्र छिरेर पाँच/छ किलोमिटर जङ्गलको बाटो अगाडि बढेपछि भारतीय सीमा सुरक्षा बल (एसएसबी) को पोस्ट आउँछ । एसएसबीको सोधपुछ पछि पाँच/सात मिनेटको बाटो हिँडेपछि पञ्चभद्र (ताम्रभद्र) नदी आउँछ। उक्त नदी तरेपछि आउने अर्को नदी सोनभद्र (सोना) पनि तरेपछि मात्र नेपाल टेकिन्छ। सोनभद्र नदी तरेपछि बाल्मीकि आश्रम नेपालमा स्वागत गर्दछ भनेर लेखिएको बोर्ड भेटिन्छ।

बाल्मीकि आश्रम पुग्ने जोसुकैलाई पनि त्यहाँको सुनसात स्थिति र अव्यवस्थाले आश्चर्यचकित तुल्याउँछ। यही माघ ८ गते भगवान् रामको जन्मभूमि अयोध्यामा श्रीराम मन्दिरको भव्य प्राणप्रतिष्ठा भयो। विश्वभरिका हिन्दू धर्मावलम्बीको आस्थाको केन्द्र राममन्दिरको प्राणप्रतिष्ठाले विश्वभरि चर्चा पायो। भगवान् राम जन्मेको अयोध्यामा विश्वभरिका हिन्दूको ध्यान केन्द्रित हुँदा रामकै अर्धाङ्गिनी सीता बसेको तथा उहाँका छोराहरु लव र कुश हुर्किएको बाल्मीकि आश्रममा भने कुनै चहलपहल भएन।

रामायणको महत्वपूर्ण पाटोका रुपमा रहेको हाल नेपालमा पर्ने बाल्मीकि आश्रम संरक्षणको पर्खाइमा रहेको छ। चितवन जिल्लाको माडी नगरपालिका-१ मा पर्ने यस आश्रमबारे धेरै नेपाली नै अनभिज्ञ रहेका छन् । नेपालमै रहेको बाल्मीकि आश्रम पुग्नलाई भारत हुँदै जानुपर्ने बाध्यता अहिले पनि रहेको छ।

महर्षि बाल्मीकिले तपस्या गरेर ज्ञान प्राप्त गरेका र यहाँ बसेर रामायण लेखेको विश्वास गरिन्छ । त्रेतायुगमा रामको अविश्वासपछि सीता दोस्रोपटक वनबास जाँदा यहाँ पुगेको तथा लब र कुशलाई जन्म दिएको विश्वास गरिन्छ। यहाँ महर्षि बाल्मीकि, सीता र लब-कुशसँग जोडिएका धेरै प्रमाणहरु यत्रतत्र छरिएर रहेका छन् तर त्यसको संरक्षणको



प्रयास भएको देखिंदैन । बाल्मीकि आश्रमलाई भारतीयले ठूलो तीर्थस्थलको रुपमा मान्ने गरेका छन् ।

नेपालमा रहेको बाल्मीकि आश्रममा ठूलो सङ्ख्यामा भारतीयहरु आउँदा नेपालीहरु भने नगण्य रुपमा पुग्ने गरेका छन् । "यहाँ आउने ९९ प्रतिशत श्रद्धालु भारतीय रहने गर्दछन् भने फाटफुट रुपमा नेपाली पुग्ने गरेका छन्", स्थानीय रामशरणले भन्नुभयो, "यसको प्रमुख कारण भारत हुँदै आश्रम जानुपर्ने बाध्यता नै मुख्य हो।"

हालै मात्र त्रिवेणीधाममा बाल्मीकि आश्रमलाई लक्षित गरी झोलुङ्गे पुलको निर्माण भएको छ तर बाटो नै नभएको ठाउँमा निर्माण भएको पुल सदुपयोग हुने कि नहुने भन्नेमा नै अन्यौल रहेको छ। राम बनवास बसेर अयोध्या आएपछि माता सीतालाई पुनः दोस्रो पटक बनवास पठाइएको स्थान हो बाल्मीकि आश्रम । आश्रममा रहनुभएका पुजारी शेखर सुवेदीका अनुसार आश्रम वरिपरि त्रेतायुगकालीन विभिन्न अवशेषहरु देख्न सकिन्छ । सीता माताको सिलौटो, उहाँले कन्दमूल खाने स्थान, अमृत कुवा, लव-कुश जन्मिएको स्थान, उनीहरुले पढेको स्थान, विश्वामित्रले देहत्याग गरेको स्थान, लब-कुशले अश्वमेध यज्ञको घोडा बाँधेको स्थानदेखि माता सीता पाताल गएको स्थानहरु यहाँ रहेका छन्।

जङ्गलमा यत्रतत्र छरिएर रहेका यी महत्वपूर्ण ऐतिहासिक सम्पदाको भने संरक्षणको अभाव देखिएको छ । आश्रममा आउने श्रद्धालुको प्रत्यक्ष पहुँचमा रहेका यी सम्पदाहरु कुनै पनि बेला नासिएर जाने खतरा रहेको छ। आश्रमका पुजारी सुवेदीका अनुसार तत्कालीन राजा महेन्द्रले बाल्मीकि आश्रमका लागि १२ बिगाहा जमिन छुट्याउनु भएको थियो। तर हाल वन क्षेत्रमा रहेको भन्दै त्यहाँ आश्रमले कुनै पनि काम गर्न पाएको छैन।

आश्रमको वरिपरि तीनवटा पुरानो घर, सशस्त्र प्रहरीको बिओपी रहेको छ। बाल्मीकि आश्रममा दुईवटा नयाँ मन्दिर बनाइएको छभने एउटा पुरानो मन्दिर रहेको छ। त्यहाँ फूल प्रसाद बेच्ने मान्छे मात्र देखिन्छन्।

बाल्मीकि आश्रममा भौतिक पूर्वाधार र सञ्चार सुविधा राम्रो छैन । यस ऐतिहासिक ठाउँको संरक्षण र प्रचारप्रसार हुन सकेको छैन । विद्युत लाइन विस्तार नहुँदा सोलारबाट केही उज्यालो भने देख्न सकिन्छ। आश्रममा भएको सशस्त्र प्रहरीलाई मोबाइल चार्ज गर्न पनि अन्यत्र जानुपर्छ भने सञ्चार सेटले पनि काम गर्दैन । विद्यालय, स्वास्थ्य चौकीदेखि प्राथमिक आवश्यकतामा पर्ने शौचालयहरुको समेत अभाव रहेको छ। खानेपानी तथा बाटोको समस्या पनि त्यस्तै रहेको छ।

नेपालतर्फ बाटो खुलेको भए बाल्मीकि आश्रम जान पैसा तिरेर दुःख झेलेर भारतीय भूमि प्रयोग गर्नु नपर्ने आश्रमका पुजारी सुवेदी बताउनुहुन्छ । गजेन्द्र मोक्ष धाम क्षेत्रबाट बाटो खोल्न सके तीन किलोमिटर दूरीमै नेपालतर्फबाट बाल्मीकि आश्रम पुग्न सक्ने उहाँको भनाइ छ। "भारतीय पर्यटकको लर्को लाग्ने बाल्मीकि आश्रममा नेपाल सरकारले भने बेवास्ता गरेको छ, भारत हुँदै आउँदा नेपालीले अनेक समस्या झेल्नुपर्छ।"

गजेन्द्रमोक्ष क्षेत्रमा बनेको लब कुश झोलुङ्गे पुलबाट बाल्मीकि आश्रम जाने बाटो नबनाइएकाले उक्त झोलुङ्गे पुल फोटो खिच्न मात्र प्रयोग भएको उहाँको भनाइ छ । "गजेन्द्रमोक्ष धामबाट कि त पक्की पुल बनाएर बाल्मीकि आश्रम जाने मोटर बाटो बनाउनु पऱ्यो कि त झोलुङ्गे पुल हुँदै आश्रमसम्म पुग्ने पैदल मार्ग बनाउनु पऱ्यो अनि मात्र बाल्मीकि आश्रम जानका लागि नेपालीलाई सहज पहुँच हुने देखिन्छ" सुवेदीले सुझाव दिनुभयो

पश्चिम नवलपरासीबाट पूर्व सांसद रहनुभएका देवेन्द्रराज कँडेलले बाल्मीकि आश्रममा धेरै नेताहरुले आश्वासन दिए पनि व्यवहारमा लागू हुन नसकेको गुनासो गर्नुभयो। उहाँले रामायण सर्किटको विकास गरी त्यसमा बाल्मीकि आश्रमलाई पनि समेटनुपर्ने धारणा राख्नुभयो। यसका लागि सरकारले कूटनैतिक तवरले पहल गर्नुपर्ने उहाँको भनाइ छ । "रामको जन्मस्थल अयोध्या आउने पर्यटकहरुलाई लब-कुशको जन्मस्थल र माता सीता पाताल गएको स्थानबारे पनि जानकारी हुनु आवश्यक छ", कँडेलले भन्नभयो, "तर हामीले यसलाई संरक्षणको अभावमा पहिचान दिलाउन सकेका छैनौं।"

बाल्मीकि आश्रमसम्म आउने झोलुङ्गे पुल तयार भए पनि चितवन राष्ट्रिय निकुञ्जको कारण यसको सदुपयोग हुन नसकेको उहाँले बताउनुभयो । पर्यटकको प्रचुर सम्भावना रहेको बाल्मीकि आश्रममा सबैको सहकार्यले रामायण परिपथ (सर्किट)कै रुपमा अगाडि बढाउनु पर्ने उहाँ बताउनुहुन्छ।

भारतमा राम मन्दिरको प्राणप्रतिष्ठासँगै नेपालमा रहेको बाल्मीकि आश्रमबारे नेपालीको चासो बढेको छ । भैरहवाबाट बाल्मीकि आश्रम पुग्नुभएका सिद्धार्थ अग्रवालले बाल्मीकि आश्रमको अवस्था दयनीय रहेको बताउनुहुन्छ । "अयोध्यामा भएको राम मन्दिरको प्राणप्रतिष्ठापछि बाल्मीकि आश्रम हेर्ने इच्छा थियो तर यहाँ आउँदा धेरै दुःख पाएँ", उहाँले भन्नुभयो "नेपालतर्फ निकुञ्जले बाटो दिएको छैन रे, विकाससँगै संरक्षण नै नपाएर महत्वपूर्ण सामग्रीहरु लोप हुने, हराउने अवस्था रहेको छ।"

रामायण परिपथको कुराहरु उठिरहेको र जनकपुरसम्म रेल नै पुगेको अवस्थामा बाल्मीकि आश्रम साइकलमा समेत पुग्न सक्ने अवस्था नरहेको भन्दै उहाँले दुःख व्यक्त गर्नुभयो। नेपालका सम्बन्धित निकायहरुले यहा ध्यान दिन अग्रवालले आग्रह गर्नुभयो। ऐतिहासिक बाल्मीकि आश्रम संरक्षणको पर्खाइमा छ, नेपाल सरकार संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र वन मन्त्रालयले तत्काल कदम चालेर संसारकै प्रसिद्ध ठाउँ बाल्मीकि आश्रमलाई प्रवर्द्धन गर्न जरुरी रहेको सरोकारवालाहरुको सुझाव रहेको छ।

# ‘सरकारले अभिव्यक्ति स्वतन्त्रतालाई सुरक्षित गर्छ’



**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले लोकतन्त्र र नागरिक अधिकारलाई सर्वोपरि राखेको वर्तमान सरकारले अभिव्यक्ति स्वतन्त्रतालाई सदैव सुरक्षित गर्ने बताएका छन् ।

नेपाल टेलिभिजनको ३९औँ वार्षिकोत्सवको उपलक्ष्यमा बुधबार आयोजित कार्यक्रममा उनले भने, “म नियन्त्रण र निर्देशनमा होइन, निर्विकल्प लोकतान्त्रिक अभ्यासमा विश्वास गर्छु । त्यसैले लोकतन्त्र, नागरिक अधिकार र अभिव्यक्ति स्वतन्त्रताको आधारभूत मान्यतालाई आत्मसात् गरिएका विषयवस्तुहरू नेपाल टेलिभिजनमा देख्न चाहन्छु ।”देशकै पहिलो टेलिभिजनले सूचना तथा सञ्चार क्षेत्रमा आएको परिवर्तनअनुसार समयानुकूल बनाउनुपर्नेमा जोड दिँदै प्रधानमन्त्रीले आफ्ना उत्पादन र प्रसारणलाई नयाँ प्रविधितर्फ व्यापकरूपमा स्थापित गर्न ढिला गर्नुहुँदैन भने ।

आम दर्शकको रूचिमा आधारित भएर विषयवस्तु तयार पार्नुपर्नेमा जोड दिँदै उनले संस्थानको विकासका लागि दीर्घकालीन योजना र स्पष्ट दृष्टिकोणका साथ अगाडि बढ्न नेपाल टेलिभिजनलाई सुझाव दिए । टेलिभिजन र रेडियो नेपाललाई एकीकरण गरेर सार्वजनिक सेवा प्रसारण संस्था बनाउने गरी संसद्मा पेस गरिएको विधेयकमा समायानुकूल परिमार्जनसहित पारित गर्ने तयारी गरिएको बताउँदै प्रधानमन्त्रीले भने, “आगामी दिनका लागि सकारात्मक प्रभाव पार्ने योजनाको सङ्कल्प तयार गर्नुहोस्, यसमा मेरो र सरकारको सहयोगी भूमिका रहनेछ ।”

डिजिटल प्लेटफर्म र इन्टरनेटको पहुँच भएका दर्शकका रूचिलाई आत्मसात् गर्नुपर्नेमा जोड दिँदै प्रधानमन्त्री दाहालले भने, “टेलिभिजन भनेको ‘प्रविधि र प्रतिभा’को संयोजन हो । प्रविधिमा आएको परिवर्तनले दर्शकले एक दशकअघिको समयजस्तो कार्यक्रम र टेलिभिजन च्यानललाई कोठाको टिभी सेटमा कुरेर बस्ने छैनन् ।” उनले दर्शकको रूचि र अनुकूल प्रविधिमा हेर्ने सुविधाको सुनिश्चितता गर्ने तथा उच्च व्यावसायिकता र सृजनशीलता अपनाउन पनि सुझाव दिए ।

सरकारले नवीनतम् प्रविधिको प्रयोगबाट सञ्चालित मिडियालाई विश्वसनीय, जिम्मेवार र जवाफदेही बन्न स्वनियमनको प्रणाली अवलम्बन गर्नुपर्छ भनेर आग्रह गर्दै आएको प्रधानमन्त्री दाहालले स्मरण गराए । दीर्घकालमा न्यू-मिडियाको विश्वसनीयतालाई बलियो बनाउँदै नयाँ प्रविधिको प्रयोगबाट हुने सूचना सामग्रीको सम्प्रेषणलाई समेत थप प्रभावकारी बनाइने बताउँदै प्रधानमन्त्रीले भने, “पत्रकारिता क्षेत्रको विकास र प्रविधिको प्रयोगलाई प्रोत्साहित गरेको सरकारले केही नयाँ नीतिगत व्यवस्था नियन्त्रणका लागि नभई, नियमन र व्यवस्थापनका लागि हुन् ।”

उनले सामाजिक सञ्जाल विस्तारित हुँदै गर्दा मूलधारका सञ्चारमाध्यम र सञ्चारकर्मीको जिम्मेवारी अझ बढ्दै गएको बताए । प्रधानमन्त्रीले भने, “गलत र असन्तुलित सूचना र समाचारले व्यक्ति पीडित हुने, परिवार र समाज विखण्डित हुने अनि राज्य कमजोर बन्दै जाने जोखिम रहन्छ । त्यसैले सही, सन्तुलित र सत्य सूचना र समाचार प्रवाहको व्यावसायिक जिम्मेवारी निर्वाहमा पत्रकार र पत्रकारिता क्षेत्र गम्भीर तथा संवेदनशील हुनुपर्दछ ।”

सङ्घीयताको मर्मअनुसार प्रदेश र स्थानीय सरकारका गतिविधिलाई समेत आम दर्शकसम्म निरन्तर जोड्नका लागि नेपाल टेलिभिजनका सबै च्यानलले चौबिसै घण्टा प्रसारण गरिरहेका कार्याक्रम प्रशंसनीय भएको बताउँदै प्रधानमन्त्री प्रचण्डले संविधानको मर्मलाई आत्मसात् गरेर आपसी सद्भाव र राष्ट्रिय एकतालाई बलियो बनाउनुपर्ने बताए । नेपाल टेलिभिजन राज्यको आधिकारिक र जिम्मेवार प्रसारण संस्था भएकाले राज्यप्रतिको दायित्व र नागरिकप्रतिको जिम्मेवारीलाई निर्विवाद निर्वाह गर्ने विश्वास उनले व्यक्त गरे ।

## नेपाली सेनासँग प्रधानमन्त्रीको छलफल

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले रूग्ण अवस्थामा रहेको हेटौंडा कपडा उद्योग पुनः सञ्चालनका लागि नेपाली सेनासँग छलफल गरेका छन् ।

बुधबार प्रधानमन्त्री तथा मन्त्रिपरिषदकोकार्यालयसिंहदरबारमा उच्चस्तरीय छलफलको आयोजना गरी प्रधानमन्त्री प्रचण्डले कपडा उद्योग पुनः सञ्चालनका लागि नेपाली सेनाले गरेको सम्भाव्यता अध्ययननको बिफ्रिङ लिएका हुन् ।

नेपाल सरकारको चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा विगतमा सञ्चालन भएर हाल बन्द अवस्थामा रहेका उद्योगहरू पुनः सञ्चालन गर्ने व्यवस्था गरिएबमोजिम नेपाली सेनाले उद्योग पुनः सञ्चालनसम्बन्धी सम्भाव्यता अध्ययन गरेको थियो । विसं २०३२ सालमा चीन सरकारको आर्थिक तथा प्राविधिक सहयोग र नेपाल सरकारको लगानीमा स्थापना भएको हेटौंडा कपडा उद्योग विसं २०५६ सालदेखि उत्पादन बन्द भएपछि २०५९ सालमा तात्कालीन शाही सरकारले उक्त उद्योग बन्द गर्ने निर्णय गरेको थियो ।

प्रचण्ड नेतृत्वको वर्तमान सरकारले उद्योग पुनः सञ्चालनको विषय नीति तथा कार्यक्रममा समावेश गरेपश्चात नेपाली सेनाले सोको सम्भावना अध्ययन गरेको थियो । सो प्रतिवेदनको सारसंक्षेप नेपाली सेनाले बुधबार प्रधानमन्त्रीसमक्ष प्रस्तुत गरेको हो ।अध्ययन प्रतिवेदनमा बजार व्यवस्थापन हुन नसक्नु, प्रविधिको समयसापेक्ष आधुनिकीकरण हुन नसक्नु, लोडसेडिङको अवस्था हुनु, आवश्यकताभन्दा धेरै जनशक्ति हुँदा आर्थिक भार पर्नु र व्यवस्थापकीय क्षमतामा कमी हुनुआदी कारणले



विगतमा उद्योग बन्द हुन पुगेको निष्कर्ष निकालेको छ ।

अध्ययन प्रतिवेदनमा उद्योगका विद्यमान केही संरचना र मेसिनहरू मर्मतसम्भार गरी सञ्चालनमा ल्याउन सकिने अवस्थामा रहेको, उद्योग सञ्चालनका लागि नेपाली सेनाको सैनिक कल्याणकारी कोषको बजेट पर्याप्त रहेको, उद्योगको स्वामित्वमा एक सय ६६ रोपनी जग्गा उपलब्ध रहेको, उद्योगका लागि आवश्यक न्यूनतम पूर्वाधार विद्यमान रहेको, उद्योग सञ्चालनका लागि अधिकांश कच्चा पदार्थ देशभित्र नै उपलब्ध रहेको तथा नेपाली सेना लगायत सरकारी कर्मचारीका लागि लत्ताकपडाको माग उद्योगले परिपूर्ति भएकाले बजारका लागि कुनै समस्या नभएको उल्लेख छ ।

प्रतिवेदनले उद्योग पुनः सञ्चालनको आवश्यकता र औचित्यसमेत निर्क्यौल गरेको छ । जसअनुसार उद्योग पुनः सञ्चालन गर्दा विगतको औद्योगिक साख कायम हुने, मुलुकको औद्योगिक क्षेत्रको विकास र कुल गार्हस्थ उत्पादनमा महत्वपूर्ण योगदान पुग्ने, विश्वबजारमा औद्योगिक सन्देश जाने, आयात प्रतिस्थापन र आत्मर्निभरतामा अभिवृद्धि हुने, रोजगारी सिर्जनामा महत्वपूर्ण योगदान हुने भएकाले युवा पलायन रोक्न सकिने निष्कर्ष छ ।अध्ययन कार्यदलले उद्योग पुनः सञ्चालनको ढाँचासमेत प्रस्ताव गरेको छ । तीन वर्षे कार्यतालिकासहितको प्रस्तावित ढाँचामा अनुमानित २६ लाख मिटर कपडा उत्पादनका लागि चालु आवमा नीतिगत निर्णय गरी नेपाली सेनालाई उद्योगको हस्तान्तरण, डिपिआर निर्माण, नयाँ मेसिनरी सामानको छनोट र खरिदको काम सम्पन्न गर्ने उल्लेख छ ।

त्यसैगरी आगामी आवमा पूर्वाधार निर्माण, मेसिन र उपकरण खरिद सम्पन्न गरी परीक्षण उत्पादन सुरू गर्ने प्रस्तावित ढाँचामा उल्लेख छ । त्यस्तै आव २०८२/८३ मा मेसिनहरू थप गर्ने, उद्योगको क्षमता बिस्तार गर्ने, बुटवल धागो उद्योग सञ्चालनको सम्भाव्यता अध्ययन गरी कच्चा पदार्थको व्यवस्था र नियमित उत्पादन सुरू गर्ने प्रस्ताव गरिएको छ ।प्रतिवेदनमा उद्योग पुनः सञ्चालनका लागि रू एक अर्ब ९३ करोड लागत लाग्ने प्रारम्भिक अनुमान गरिएको छ । साथै वार्षिक सञ्चालन खर्च रू ७८ करोड लाग्ने प्रतिवेदनमा प्रारम्भिक अनुमान गरिएको छ । उद्योग पुनः सञ्चालन गर्दा नौ वर्षपछि लागत प्रतिस्थापन गरी उद्योग नाफामा जाने कार्यदलको निष्कर्ष छ ।

कार्यदलले उद्योग पुनः सञ्चालनका निम्ति नेपाल सरकारको नीतिगत र कानुनी सहयोगको समेत प्रस्तावगरेकोछ।जसअनुसार उद्योग पुनः सञ्चालनका लागि नीतिगत र कानुनी प्रक्रियामा सहयोग हुनुपर्ने, हालसम्मको दायित्व फरफारक गरी उद्योगको स्वामित्व नेपाली सेनामा हस्तान्तरण गर्नुपर्ने, उद्योगबाट उत्पादित कपडाको खपत सरकारी निकायमा गर्नेगरी नीतिगत व्यवस्था हुनुपर्ने लगायतका विषय समावेश गरेको छ ।

ब्रिफिङपछिको बैठकमा बोल्दै प्रधानमन्त्री प्रचण्डले उद्योग पुनः सञ्चालनमा केन्द्रित भएर नेपाली सेनाले गरेको अध्ययन महत्वपूर्ण भएको बताए । “नेपाली सेनाले राम्रो अध्ययन गरेको छ । यसबारे राजनीतिक तहमा पनि एक चरण छलफल गर्छु । अध्ययनका निम्ति सरकारको तर्फबाट पनि सानो टीम बनाएर जान सकिन्छ । त्यसपछि मन्त्रिपरिषद् बैठकबाट ठोस निर्णय लिनेछौँ”, उनले भने । प्रधानमन्त्रीले देशका उद्योगहरू निजीकरण गर्दै जाँदा देशको उत्पादकत्वमा ह्रास आउनुका साथै रोजगारीका अवसर घट्दै जानु नकारात्मक भएको बताए ।

“विगतका सरकारी उद्योगहरू निजीकरण गरिए । त्यसको परिणाम राम्रो भएन, उद्योगहरू कौडीमा निजीकरण गरिए, देशमा औद्योगिक वातावरण कमजोर भयो । रोजगारी सिर्जना खुम्चिँदै गयो”, उनले भने, “त्यसले युवा पलायनको भयावह स्थिति बन्दै गयो । अब पनि हामीले पहल लिएनौँ र औद्योगिक वातावरण बनाएनौँ भने देशको समस्या सम्बोधन गर्न सक्दैनौँ ।”

बैठकमा उपप्रधानमन्त्री एवम् रक्षामन्त्री पूर्णबहादुर खड्का, उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठ, अर्थमन्त्री डा प्रकाशशरण महत, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजाल, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठ, मुख्यसचिव डा बैकुण्ठ अर्याल, नेपाली सेनाका प्रधानसेनापति प्रभुराम शर्मा, नेपाल सरकारका सचिवहरू र नेपाली सेनाका उच्चपदस्थ अधिकारीहरू सहभागी थिए ।

## विधेयक सहमतिबाटै टुङ्गोमा पुऱ्याउनुपर्ने कानुन मन्त्रीको भनाइ

**टुडे समाचारदाता**

लुम्बिनी । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले सङ्क्रमणकालीन न्यायसम्बन्धी (टिआसी) विधेयक १२ बुँदे सम्झौताको जगमा टेकेर सहमतिबाटै टुङ्गोमा पुऱ्याउनुपर्ने बताएका छन् । उनले १२ बुँदे सम्झौताका मुख्य पक्ष तीन दल नेपाली कांग्रेस, नेकपा (एमाले) र एकीकृत नेकपा (माओवादी)मा सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुऱ्याउने जिम्मेवारी रहेको उल्लेख गरे ।

नेपाल प्रेस युनियन रुपन्देही शाखाले बुधबार बुटवलमा आयोजना गरेको पत्रकार सम्मेलनमा मन्त्री गुरुङले टिआरसी विधेयकका कारण १७ वर्षदेखि शान्तिप्रक्रिया पनि अड्किएकाले यसलाई टुङ्गोमा पुऱ्याउन शीर्ष नेतृत्वलाई आफूले अनुरोध गरेको पनि बताए ।

उनले संसद्को आगामी अधिवेशनमा यो विधेयकलाई टुङ्गोमा पुऱ्याउने गरी मुख्य दलहरुबीच सहमतिका लागि छलफल जारी रहेको छ भने । “मैले प्रमुख तीन दलका तीन नेतालाई पटक-पटक यो तपाईंहरूको सरोकारको विषय हो, यसको जसअपजस दुवै तपाईंहरुले नै पाउने हो भन्दै आएको छु”, मन्त्री गुरुङले भने, “यसमा केही विषयमा मात्रै मतभिन्नता छ, संसद्को आगामी अधिवेशनमा सहमति नभए प्रक्रियागत ढङ्गले टुङ्गोमा पुग्छ ।”

नेपाली कांग्रेसका उपसभापतिसमेत रहनुभएका मन्त्री गुरुङले वर्तमान सरकार पुनः गठनको विषय प्रधानमन्त्रीको अधिकारको विषय भए पनि यो गठबन्धनको सरकार भएकाले गठबन्धनका शीर्ष नेताबीच छलफल हुँदा तत्काल फेरबदल आवश्यक नरहेको निष्कर्षमा पुगिएको बताए । उनले आगामी संसद् अधिवेशन विधेयक अधिवेशन हुने र सरकारले छिट्टै सङ्घीय निजामती ऐन, शिक्षा विधेयक, प्रहरी समायोजन विधेयकजस्ता महत्वपूर्ण विधेयक टुङ्गोमा पुऱ्याउने स्पष्ट पारे ।

# ‘शान्ति प्रक्रिया र संविधान कार्यान्वयनसँग प्राथमिकतामा हुनुपर्छ’

काठमाण्डु । संसद् नीति निर्माणको मुख्य थलो हो । जनताको सङ्घर्षबाट व्यवस्था परिवर्तन भयो । परिवर्तित व्यवस्था र प्राप्त उपलब्धिलाई सुदृढ बनाउनुपर्ने अहिलेको आवश्यकता हो । ऐतिहासिक संविधानसभाबाट संविधान जारी भएको पनि आठ वर्ष पुगिसकेको छ । संविधानसँग बाझिएका कानुन परिवर्तन गरेर सापेक्षतामा ढाल्नुपर्नेछ । कतिपय प्रावधान बदलिँदो विश्वपरिवेशअनुसार थप गर्नुपर्ने छ । संसद् छिर्दै गर्दा संविधान अनुकूलका कानुन निर्माण गर्न संसद्मा हार्दिकता हुन्छ होला भन्ठानेको अवस्था थियो, तर त्यस्तो अनुभव गर्न सकिएको छैन । संसद्को प्रमुख जिम्मेवारी नीति, नियम र कानुन निर्माण गर्ने हो । मौजुदा कानुनलाई संविधानसँग नबाझिने गरी परिमार्जन गर्न दलहरुबीच सहमति हुनुपर्नेमा त्यसो हुन सकेन । सम्पूर्ण राजनीतिक दल र सांसद जिम्मेवार भएर लागेमात्र निष्कर्षमा पुग्न सकिन्छ । तर एक वर्षको संसदीय अभ्यास हेर्दा कताकता रुमलिएको जस्तो महसुस हुँदैछ । संसद्मा सकारात्मक विषयलाई स्वीकार गर्न नसक्ने तथा संविधान प्रतिकूलका कानुन खारेज गरेर जाऔँ भन्दा एकमत नहुने अवस्था देखियो ।

सकारात्मक विषयको पनि विरोध गर्ने प्रवृत्ति हाबी रह्यो । ‘विरोध गर्नु प्रतिपक्षको धर्म हो’ भन्ने भाष्य स्थापित गर्न खोजिँदै छ । विरोध गरेरमात्र लक्ष्य प्राप्ति गर्न सकिँदैन । विषयलाई लम्ब्याउने, थकाउने र असफल बनाउने प्रक्रियाले संसद्ले उपलब्धि हासिल गर्न सक्दैन । प्रतिपक्षी पनि जनताबाट अनुमोदित भएको शक्ति हो । प्रतिपक्ष पनि जनताप्रति जवाफदेही हुनुपर्छ । आरोप-प्रत्यारोपमा मात्रै सदनलाई प्रयोग गरिँदा भावी पिँढीले के सिक्ने ? महत्त्वपूर्ण विधेयक प्रक्रियामा छन् । ती विधेयकलाई टुङ्गो लगाउँदै जानुपर्ने थियो । तर बादविवादमा मात्रै एक वर्ष बित्यो । आफूअनुकूल नभएपछि देश र जनताको पक्षमा भएका निर्णयको पनि विरोध गर्ने परम्पराले संसदीय व्यवस्थाप्रति नै प्रश्न उठ्न थालेको छ ।



एक वर्षका अवधिमा जनतासँग प्रत्यक्ष जोडिएको केही मुद्दामा खास उपलब्धि भएको छ । मिटरव्याजसम्बन्धी कानुन निर्माण भएर कार्यान्वयनमा गएको छ । यसबाट किसानले न्याय पाउने अवस्था बनेको छ । यसबीचमा सरकारले भ्रष्टाचारसम्बन्धी घटनाको अनुसन्धान थालेको छ । नक्कली भुटानी शरणार्थी, सुन तस्करी, ललितानिवास, निजी क्षेत्रको दूरसञ्चार सेवा प्रदायक संस्था एनसेलको सेयर खरिदबिक्रीलगायत प्रकरणमा सरकारले शीघ्र अनुसन्धान थालेर कारबाहीको प्रक्रियामा लगेको छ । सुशासनको प्रक्रिया आरम्भ भएको छ । यसबाट जनताले आशाको महसुस गर्न थालेका छन् । आर्थिक अनियमितताका विषय सार्वजनिक भइरहेका छन् । संसद्मा विभिन्न विचारधारा बोकेका दलको प्रतिनिधित्व छ । सबै दलको सहमितमा विधेयक निर्माणको प्रक्रिया अघि बढाउन खोज्दा केही विलम्ब भएको देखिन्छ । सहमतिको प्रयास गर्दागर्दै पछि परेको अवस्था हो । सकेसम्म सहमति नभए प्रक्रियामा गएर भए पनि विषयलाई टुङ्गो लगाउँदै जानुपर्छ । एक वर्षका अवधिमा सदन र सरकारबाट सुखद् सुरुआत भएको छ । बाँकी विषयलाई अबको अधिवेशनबाट टुङ्गो लगाएर जानुपर्छ ।

सङ्घीय संसद्को तेस्रो अधिवेशन यही माघ २२ गतेदेखि प्रारम्भ हुँदैछ । हिउँदे अधिवेशनलाई मुख्यतः विधेयक अधिवेशनका रूपमा पनि लिइन्छ । आउँदो अधिवेशनबाट शान्ति प्रक्रिया तथा संविधान कार्यान्वयनसँग सम्बन्धित विधेयकलाई टुङ्गो लगाउनुपर्छ । सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित ऐन, निजामती, शिक्षा, प्रहरीलगायत महत्त्वपूर्ण विधेयक दफावार छलफलका क्रममा समितिमा रहेका छन् । देश र जनताको पक्षमा रहेका यी विधेयकलाई कुनै पनि हालतमा टुङ्गोमा पुर्याउनुपर्छ । अब छलफलदेखि छलफलसम्म मात्र होइन, यी ऐनलाई निष्कर्षमा पुर्याउनुपर्छ । प्राप्त उपलब्धिलाई संस्थागत गर्न पनि यी ऐन आवश्यक छन् । सङ्घीयतालाई असफल बनाउने हर्कतसँग कठोर भएर अघि बढ्नुपर्छ ।

विस्तृत शान्ति सम्झौता भएको डेढ दशक पुगिसक्यो । संविधान जारी भएको नै आठ वर्ष नाघिसक्यो । अझै पनि शान्ति सम्झौताका कतिपय काम बाँकी नै छन् । अहिलेसम्म पनि पूर्णरूपमा द्वन्द्व व्यवस्थापन नहुनु विडम्बना नै हो । शान्ति प्रक्रियालाई टुङ्गोमा पुग्न दिइएको छैन । शान्ति प्रक्रियालाई टुङ्गो लगाएर मुलुकलाई दिगो शान्तिको बाटोमा लैजानुपर्छ । सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित विधेयकलाई पहिलो प्राथमिकता राखेर जानुपर्छ । सकेसम्म सम्पूर्ण राजनीतिक दलको सहभागिता नभए प्रक्रियाबाट भए पनि टुङ्ग्याउनुपर्छ ।

**सांसद मीना तामाङको परिचय**

काभ्रेपलाञ्चोकबाट प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने सांसद एवं नेकपा (माओवादी केन्द्र) की नेतृ मीना तामाङ २०४८ सालदेखि माओवादी केन्द्रमा आबद्ध हुनुभएको थियो । विसं २०५१ मा पूर्णकालीन, २०५२ सालमा जिल्ला सदस्य हुँदै हाल माओवादीको केन्द्रीय सदस्य तामाङले माओवादीले सञ्चालन गरेको दशवर्षे जनयुद्धमा श्रीमान् र परिवारका अन्य सदस्य गुमाउनुभएको थियो ।रासस


नेपाल नागरिक उड्डयन प्राधिकरण

## जनकपुर नागरिक उड्डयन कार्यालय, जनकपुरधामको

## चमेना गृह सेवा सञ्चालन गर्ने सम्बन्धी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०।१०।१७)

जनकपुर विमानस्थलको पार्किङ्ग क्षेत्र भन्दा उतर पूर्व स्थानमा ८० (असी) वर्गमीटर क्षेत्रफलमा चमेना गृह सेवा सञ्चालनको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नेपाल सरकारबाट सो सम्बन्धी कारोबार गर्न इजाजत प्राप्त गरेका इच्छुक व्यक्ति/संस्था/फर्म/कम्पनीले निम्न शर्तहरुको अधीनमा रही बोलपत्र फाराम पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरू**

१. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनभित्र कार्यालयको बिशालबजार स्थित राष्ट्रिय बानिज्य बैंक., काठमाण्डौंमा, नेपाल नागरिक उड्डयन प्राधिकरणको नाममा रहेको खाता नम्बर १०९०१०००६४९१७०० मा रु १,१३०।- (अक्षरेपी एक हजार एक सय तीस मात्र) मूल्य अभिवृद्धि कर सहित (पछि फिर्ता नहुने) दाखिला गरी सोको सक्कल भौचर कार्यालयमा पेस गरी प्राप्त रसिद, नवीकरण सहितको फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्रको प्रतिलिपि कार्यालयमा पेस गरी बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिबाट १५(पन्द्र) औं दिनको कार्यालय समयभित्र खरिद गरी १६(सोह्र) औं दिनको १२:०० बजेभित्र कार्यालयमा दाखिला गर्नुपर्नेछ । दाखिला हुन आएका बोलपत्रहरु सोही दिनको २:०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । सो दिन बोलपत्रदाताकोतर्फबाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनु पर्नेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए तापनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समय र स्थानमा बोलपत्र खरिद र दर्ता गरिनेछ ।

३. बोलपत्रसाथ फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण सहित), सम्बन्धित निकायबाट व्यवसाय सञ्चालन गर्न प्राप्त इजाजत पत्र, मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, व्यवसाय सञ्चालन गर्ने काम कारबाहीमा भाग लिन अयोग्य नभएको, आफूले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्वःघोषणापत्र पेस गर्नुपर्नेछ ।

४. चमेना गृह सेवा सञ्चालनको लागि ठेक्का अवधि ५(पाँच) वर्षको हुनेछ । सो अवधिको न्यूनतम ठेक अंक रु ९,६०,०००।-( अक्षरेपीः नौ लाख साठी हजार मात्र) कायम गरिएको छ । साथै दोस्रो वर्षदेखि कुल ठेक अंकमा कार्यसम्पन्न भएको वर्षको रकम घटाई बाँकी हुन आउने बहाल रकममा नेपाल राष्ट्र बैंकले निर्धारण गरेको मूल्यवृद्धि सूचकाङ्कको अनुपातमा स्वतः वृद्धि हुनेछ र सोही अनुरुप कायम हुन आउने थप बहाल रकम समेत बुझाउनु पर्नेछ ।

५. प्राधिकरण तथा मातहतका कार्यालयलाई बुझाउनुपर्ने बाँकी बक्यौता रहेका व्यक्ति, फर्महरुले बोलपत्रमा भाग लिन पाउनेछैन । प्राधिकरणलाई बुझाउनु पर्ने बाँकी बक्यौता रकम नरहेको व्यहोराको प्रमाण बोलपत्र कागजात खरिद गर्दाका समयमा पेस गर्नुपर्नेछ ।

६. कबोल गरेको रकमको ५% ले हुने बोलपत्र जमानत रकम कार्यालयको एभरेष्ट बैंक लि, जनकपुरधाम रहेको धरौटी खाता नम्बर ०१३००१०५०००३३० मा दाखिला गरेको सक्कल भौचर वा सो रकम बराबरको कार्यालयको नाममा ‘क’ वर्गको वाणिज्य बैंकवाट जारी भएको कम्तीमा १८० दिन (बोलपत्र खोल्ने मितिबाट )मान्य अवधि भएको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेस गर्नुपर्नेछ ।

७. दाखिला गर्ने बोलपत्रको खाम सिलबन्दी गरी खाम बाहिर कुन विषयको बोलपत्र हो, सो स्पष्ट लेखी श्री जनकपुर नागरिक उड्डयन कार्यालय, जनकपुरधामलाई सम्बोधन गरी कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

८. बोलपत्रको दररेट भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

९. रीत नपुगी, म्याद नाघी, शर्तसहित पेस भएको वा तोकिएको कागजात पेस भई नआएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

११. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

१२. यो सूचना नेपाल नागरिक उड्डयन प्राधिकरणको Website: www.caanepal.gov.np मा उपलव्ध हुनेछ ।

१३. यस सूचनामा नपरेका अन्य कुराहरु विमानस्थल सेवा शुल्क नियमावली, २०७८ तथा प्रचलित ऐन, नियमानुसार हुनेछ ।

१४. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालयमा कार्यालय समयभित्र बुझ्न सकिनेछ ।

१५. सूचनामा भएका शर्त र बोलपत्रका शर्तहरुको अलावा आवश्यक अन्य शर्तहरु सम्झौता पत्रमा राख्न सकिनेछ ।

# पाकिस्तानका पूर्वप्रधानमन्त्री खान र उहाँकी पत्नीलाई भ्रष्टाचारको अभियोगमा १४ वर्ष जेल सजाय

**एएफपी**

इस्लामावाद । पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खान र उहाँकी पत्नी बुशरा बीबीलाई भ्रष्टाचारको अभियोगमा बुधबार १४ वर्षको जेल सजाय सुनाइएको छ।

राष्ट्रिय निर्वाचनको एक साताअघि खानलाई राज्यको गोप्य सूचना चुहावटसम्बन्धी मुद्दामा १० वर्षको जेल सजाय सुनाइएको एक दिनपछि यो फैसला आएको हो।

पीटीआईका संस्थापक तथा प्रर्व प्रधानमन्त्री खान र उहाँकी पत्नीलाई १० वर्षसम्म कुनै पनि सार्वजनिक पद धारण गर्न अयोग्य घोषित गरिएको छ भने उहाँलाई ७८ करोड ७० लाख पाकिस्तानी रुपैयाँ जरिवाना समेत गरिएको छ।

एआरवाई न्यूजका अनुसार बुधबारको सुनुवाईमा पीटीआईका संस्थापक बीबीलाई अदालतमा पेश गरिएको थियो।

खानको पाकिस्तान तेहरीक-ए-इन्साफ (पीटीआई) पार्टीका प्रवक्ताले भन्नुभयो, “हाम्रो न्यायिक प्रणाली लाई भत्काइँदैछ। यो पाकिस्तानको इतिहासमा अर्को दुःखद दिन हो।”



गत अगष्टमा पक्राउ परेदेखि अधिकांश समय हिरासतमा राखिएको जेलभित्र भएको सुनुवाइपछि खानको सजाय लगातार वा सँगसँगै चलिरहने हो वा होइन भन्ने स्पष्ट हुन सकेको छैन।

खानका वकिल सलमान सफदरले पनि एएफपीसँग कुरा गर्दै खान र उहाँकी पत्नी बुशरा बीबीलाई सजाय सुनाइएको पुष्टि गर्नुभएको छ।

“खान र उहाँकी पत्नी बीबीलाई सजाय सुनाइएको छ। बीबीलाई अहिलेसम्म पक्राउ गरिएको छैन,” सफदरले भने।

उहाँहरूको सन् २०१८ मा खान प्रधानमन्त्री निर्वाचित हुनुभन्दा केही महिनाअघि विवाह भएको थियो। खानले आध्यात्मिक मार्गदर्शनका लागि सम्पर्क गर्दा बीबीलाई भेटेको र उहाँ सार्वजनिक रूपमा विरलै देखिनुहुन्छ।

करिब १२ करोड ७० लाख पाकिस्तानीले आगामी बिहीबार हुने चुनावको दिन मतदान गर्न पाउनेछन्, जसमा खान र पीटीआई बहसको केन्द्रमा रहेका छन्।

मतदानमा धाँधलीको आरोप लागेको छ, खानलाई भ्रष्टाचारको अघिल्लो अभियोगबाट भाग्नबाट रोक लगाइएको छ र उहाँको पार्टीले व्यापक दमनको सामना गर्नुपरेको छ।

सन् २०२२ मा सत्ताच्युत भएयता खानलाई पाकिस्तानका सैन्य योजनाकारविरुद्ध अवहेलनाको अभियान चलाएपछि उहाँलाई पुनः सत्तामा फर्कन नदिन अदालती मुद्दाले गाडेको छ।

खानले आफ्नो कार्यकालको अधिकांश समय साझेदारीमा शासन गरेको शक्तिशाली सेनामाथि अमेरिका समर्थित षडयन्त्रमा आफूलाई सत्ताच्युत गरेको आरोप लगाएको थियो।

गत वर्षको मे महिनामा खानलाई पहिलो पटक पक्राउ गर्दा देशभर दङ्गा भड्किएको थियो।

उहाँको सडक आन्दोलन एक सैन्य दमनद्वारा निस्क्रिय पारिएको थियो जसमा हजारौं पीटीआई समर्थकहरूलाई हिरासतमा लिइएको थियो। जसमध्ये सयौँले बन्द-ढोकाभित्र सैन्य सुनुवाईको सामना गरिरहेका छन् र दर्जनौं वरिष्ठ नेताहरूलाई भूमिगत हुन बाध्य पारिएको छ।

“हरेक अन्यायको बदला फेब्रुअरी ८ मा आफ्नो भोटबाट लिनुपर्छ”, खानले सामाजिक सञ्जाल एक्स (ट्वीटर) मा आफ्नो प्रोफाइलमा पोस्ट गरेको सन्देशमा भन्नुभएको छ,“तिनीहरूलाई मतदानमार्फत् जवाफ दिनुहोस् हामी लौरोले लखेट्न सकिने भेडा होइनौं।”

# उत्तरी नाइजेरियामा बारुदी सुरुङ विस्फोटमा १२ को मृत्यु

**एएफपी**

कानो। उत्तरपूर्वी नाइजेरियाको बोर्नो राज्यमा क्यामरुनको सिमानामा बोको हराम जिहादीहरू सक्रिय रहेको क्षेत्रमा एउटा गाडी बारुदी सुरुङमा पर्दा १२ जना दाउरेको मृत्यु भएको उक्त क्षेत्रमा काम गर्ने दुई गैरसरकारी सङ्गठन (एनजिओ) ले बुधबार बताएका छन्।

काठ जम्मा गर्नेहरू दाउरा सङ्कलन गर्न झाडीतिर जाँदै गर्दै सोमबार उनीहरूले लगेको फ्ल्याट-बेड सवारी पुल्का गाउँबाहिरको राजमार्गमा बोको हराम जिहादीहरूले लगाएको खाडलमा पल्टिएको एनजिओले दुई रिपोर्टमा भनेका छन्।

उत्तरपूर्वी नाइजेरिया एक दशकभन्दा लामो समयदेखि जिहादी विद्रोहको केन्द्रमा छ। यहाँ आतङ्कवादीहरूलाई द्वन्द्वको चरमोत्कर्षमा नियन्त्रित भूमिको ठूलो हिस्साबाट पछाडि धकेले पनि उनीहरूले अहिले पनि ग्रामीण क्षेत्रहरूलाई निशाना बनाउँछन्।

एक रिपोर्टमा भनिएको छ, “बोको हराम हुनसक्ने आशङ्का गरिएका मानिसहरूले विस्फोटक पदार्थ राखेका थिए र पुल्काबाट ग्वोजा मार्गमा १२ जनाको हत्या गरेका छन्, दुई जना घाइते भएका छन्।” अर्को रिपोर्टअनुसार मृतकको सङ्ख्या समान भएको र अन्य सात जना दाउरे घाइते भएको तथा तीमध्ये तीनको अवस्था गम्भीर भएकाले उनीहरूलाई उपचारका लागि मैदुगुरी लगिएको छ।

नाइजेरियाली सुरक्षा बलले विस्फोटको पुष्टि गर्न अनुरोध गर्दा जवाफ दिएको छैन। हालैका दिनमा सर्वसाधारणलाई निशाना बनाइने बारुदी सुरुङ विस्फोटका घटना बढेका छन्। उक्त विस्फोट जिहादीहरूले गराएको आरोप लगाइएको छ।

बोको हरामले सन् २०१४ मा ग्वोजामाथि कब्जा गर्दै आफ्नो कथित खलिफाको मुख्यालय बनाएको थियो। सन् २०१५ मार्चमा नाइजेरियाली सेनाले यसलाई फिर्ता लिएको थियो तर जिहादीहरूले अहिले पनि क्यामरुनको सिमानामा पहाडहरूमा लुकेका स्थानहरूबाट वरपरका गाउँहरूमा आक्रमण गर्छन्। यस क्षेत्रका बासिन्दाहरू ग्वोजा र नजिकको पुल्कामा भागेका छन्। त्यहाँ उनीहरू सैन्य सुरक्षाअन्तर्गत शिविरहरूमा बस्छन्। झाडीहरूमा जाने बासिन्दा विशेषगरी बबुलको फल र जलेका काठ सङ्कलन गर्ने महिलाहरूको हत्या वा अपहरण गर्नबाट आतङ्ककारीहरूलाई रोक्न सेनाले क्षेत्रमा गस्तीहरू सञ्चालन गर्छन्।

बोको हराम र प्रतिद्वन्द्वी इस्लामिक स्टेट पश्चिम अफ्रिका प्रान्तमा दाउरे, किसान र गोठालाहरूलाई निशाना बनाउनेका रूपमा परिचित छन्। दुवै आतङ्ककारी समूहले उनीहरूलाई सेना र जिहादी विरोधी मिलिसियाका लागि जासुसी गरेको आरोप लगाउँछन्।

सन् २००९ मा कट्टरपन्थी इस्लामिक समूहले विद्रोह सुरु गरेपछि कम्तीमा ४० हजार मानिस मारिएका छन् र २० लाखभन्दा बढी विस्थापित भएका छन्। विद्रोह छिमेकी मुलुकहरू चाड, नाइजर र क्यामरुनमा फैलिएको छ। त्यसैले आतङ्कवादीहरूसँग लड्नका लागि क्षेत्रीय सैन्य बलको निर्माण भएको छ।

# थाइल्याण्डको अदालतद्वारा एमजेएफविरूद्धको मानहानि मुद्दाबारे फैसला गर्दै

**एएफपी**

बैङ्कक । थाइल्याण्डको चुनावमा सबैभन्दा बढी सिट जितेको प्रोग्रेसिभ मुभ फरवार्ड पार्टी (एमएफपी) ले राज्यको कडा शाही मानहानि कानूनमा सुधार गर्ने आफ्नो चुनावी प्रतिबद्धताको



वैधताको बारेमा बुधबार सर्वोच्च अदालतको फैसलाको सामना गर्दैछ।

एमएफपीले गत मे महिनामा भएको आम निर्वाचनमा पहिलो स्थान ल्याएको थियो। थाई सेना, व्यापारिक एकाधिकार र ‘लेस-माजेस्टे’ कानूनमा सुधार गर्ने उसको वाचाले निर्वाचनमा दललाई पहिलो स्थानमा उभाउन सफल भएपछि थाइल्याण्डको शक्तिशाली परम्परावादी अभिजात वर्गमा डर पैदा गरेको थियो।

यसै डरले नेता पिता लिम्जारोयनरतलाई प्रधानमन्त्री बन्नबाट रोकियो र एमएफपीलाई शासकीय गठबन्धनबाट बाहिर राखियो। निर्वाचनसम्बन्धी कानुन उल्लङ्घन गरेको अभियोगमा सफाइ पाएपछि पिता गत साता संसद्मा फर्किनुभएको थियो।

बुधबार संवैधानिक अदालतले राजा महाभाजिरालोङकोर्न र उहाँको नजिकको परिवारलाई अपमानबाट जोगाउने थाइल्यान्डको कडा कानूनमा सुधार गर्ने पार्टीको चुनावी प्रतिवद्धता सम्बन्धमा सुनुवाई गरी फैसला सुनाउने अपेक्षा गरिएको छ। एमएफपी नीतिले थाइल्याण्डको राजसंस्थालाई अपदस्थ गर्ने प्रयास गरेको भन्दै दायर गरिएको एक याचिकामा अदालतले थाइ समय अनुसार दिउँसो २ः०० बजे फैसला जारी गर्ने अपेक्षा गरिएको छ।

अदालतले पार्टी विघटनको आदेश दिने अपेक्षा गरिएको छैन, तर यसले एमएफपीको लेसे-माजेस्टे सुधार नीतिलाई प्रतिबन्ध लगाउन सक्छ।

अदालतको आदेशबाट विघटन गरिएको एमएफपीका अग्रगामी फ्युचर फरवार्ड पार्टीका पूर्व नेता थानाथोर्न जुआन्ग्रुङरूआङकिटले लेसे-माजेस्टेलाई छलफलका लागि तयार पार्नुपर्ने बताउनुभयो।

“व्यवस्था ईश्वरले पठाउनुभएको फ्याक्स पेपर होइन। यो मानव हातले लेखिएको हो, त्यसैले मानिसहरूले यसलाई संशोधन गर्न सक्छन्,” थानाथोर्नले बुधबार पत्रकारहरूसँग भन्नुभयो।

उहाँले भन्नुभयो, “सांसदले कानून संशोधन गर्न सक्दैनन् भने मलाई लाग्छ, देशमा केही न केही गडबडी छ।”

थाई समाजमा राजालाई अपमानबाट जोगाउने उद्देश्यले लेसे-माजेस्टे कानून बनाइएको छ, र यसलाई तोड्नविरूद्ध १५ वर्षको जेल सजाय हुन सक्छ।

आलोचकहरूका अनुसार हालैका वर्षहरूमा शाही परिवारलाई कुनै पनि प्रकारको आलोचना वा उपहासबाट जोगाउनका लागि यो कानुनको व्यापक व्याख्या गरिएको छ।

यसै महिनाको सुरुमा फेसबुकमा राजतन्त्रको अपमान गरेको भन्दै एक व्यक्तिलाई ५० वर्षको जेल सजाय सुनाइएको थियो।

गत वर्षको मार्चमा एक व्यक्तिलाई रबरको हाँसको व्यङ्ग्यात्मक क्यालेन्डर बेचेको आरोपमा दुई वर्षको जेल सजाय सुनाइएको थियो।

# सन् २०२३ मा जापानलाई उछिन्दै चीन विश्वको सबैभन्दा ठूलो सवारी निर्यातकर्ता

**एएफपी**

टोकियो। जापान अटोमोबाइल म्यानुफ्याक्चरर्स एसोसिएसन (जामा) को तथ्याङ्कअनुसार गत वर्ष चीनले जापानलाई उछिन्दै विश्वको सबैभन्दा ठूलो सवारी निर्यातकर्ता बनेको छ।



जापानले सन् २०२३ मा ४४ लाख २० हजार सवारी साधन निर्यात गरेको तथ्याङ्कले देखाएको छ। चाइना एसोसिएसन अफ अटोमोबाइल म्यानुफ्याक्चरर्स (सीएएएम) ले यसै महिना सार्वजनिक गरेको रिपोर्टअनुसार चीनले निर्यात गरेको ४९ लाख १० हजारको तुलनामा यो सङ्ख्या करिब पाँच लाखले बढी हो।

यद्यपि, चीनको भन्सार विभागले निर्यात सङ्ख्या ५२ लाख २० हजार पुगेको र बर्षको तुलनामा ५७ प्रतिशतले वृद्धि भएको जानकारी गराएको छ।

चीनले सन् २०२३ को शुरूदेखि नै मासिक रूपमा जापानलेभन्दा बढी सवारी साधन निर्यात गर्दै आएको थियो र बुधबार सार्वजनिक समग्र तथ्याङ्कमा चीनले जापानलेभन्दा बढी सवारी साधन निर्यात गरेको देखिएको छ।

हालैका वर्षहरूमा विद्युतीय कारहरूमा ठूलो लगानीका कारण चीनको कार उत्पादन क्षेत्र ठूलो मात्रामा फस्टाएको छ। यसबाट जापानी फर्महरूलाई चुनौती थपिएको छ।

जापानी निर्माताहरूले लामो समयदेखि हाइब्रिड कार उत्पादनको शर्त राखेका छन्। हाइब्रिड कार जापानी प्रसिद्ध उत्पादन टोयटा प्रियसको जस्तै ब्याट्री पावर र आन्तरिक दहन इन्जिनबाट चल्ने कार हुन्।

चिनियाँ कम्पनी बीवाईडीले यसै महिना टेस्लाको सबैभन्दा बढी विद्युतीय सवारी साधनको बिक्रीको रेकर्डलाई तोडेको छ। यसले बढ्दो क्षेत्रको लागि बेइजिङको बलियो सरकारी समर्थनलाई पूँजीकृत गरेको छ।

सन् १९९५ मा ब्याट्री निर्माताको रूपमा स्थापना भएको बीवाईडीले पछि प्लग-इन हाइब्रिड र सबै-इलेक्ट्रिक वाहनहरू उत्पादन गर्न आफ्नो ध्यान केन्द्रित गरेको छ।

शेन्जेन क्षेत्रलाई मुख्य बजार बनाएको बीवाईडीले चीन र युरोपमा मूल्यमा टेस्लासँग प्रतिस्पर्धा गर्दछ।


॥ हार्दिक श्रद्धाञ्जली ॥



जन्म
२०४३/०१/१०

स्व. सुनिल चन्द्र अधिकारी

स्वर्गारोहण मिति
२०८०/१०/८

लक्ष्मीनियाँ गाउँपालिका अन्तर्गत संचालित श्री जनज्योति प्रा.वि., सिनुरजोडा, लक्ष्मीनियाँ गा.पा.-२, धनुषामा कार्यरत प्रा.वि. राहत शिक्षक **सुनिल चन्द्र अधिकारी**को असयामिक निधनको खबरले मर्माहत भएका छौं। दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारलाई धैर्यधारण गर्ने क्षमता माता जानकीले प्रदान गरुन भनि प्रार्थना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं।

**भोगेन्द्र मिश्र**
**अध्यक्ष**
तथा
**लक्ष्मीनियाँ गाउँपालिका परिवार**
**लक्ष्मीनियाँ बजार, धनुषा, मधेश प्रदेश**


# सन् २०२३ मा सामसुङ इलेक्ट्रोनिक्सको सञ्चालन मुनाफामा ८४.९ प्रतिशतले गिरावट

**सिन्ह्वा**

सियोल । दक्षिण कोरियाको प्रबिधि कम्पनी सामसुङ इलेक्ट्रोनिक्सले गत वर्षको आम्दानीमा दोहोरो अङ्कको गिरावट बेहोरेको छ। स्थानीय रूपमा निर्मित ब्राण्डहरूको कमजोर विश्वव्यापी मागले चिप्सबाट हुने आम्दानी घट्दा घाटा निम्त्याएको कम्पनीले बुधबार जनाएको छ।

सन् २०२३ मा सामसुङको परिचालन मुनाफा ८४.९प्रतिशतले घटेर ६.५७ ट्रिलियन पुगेको छ। पछिल्लो समयमा विश्वव्यापी वित्तीय सङ्कटले विश्व अर्थतन्त्रलाई तहसनहस पारेको छ।

राजस्व १४.३ प्रतिशतले घटेर २५८.९४ ट्रिलियन ओन तथा शुद्ध आय ७२.२ प्रतिशतले घटेर १५.४९ ट्रिलियन ओन पुगेको छ। अक्टोबर-डिसेम्बरको तीन महिनामा मात्रै परिचालन मुनाफा ३४.४ प्रतिशतले घटेर २.८२ ट्रिलियन ओन पुगेको छ।

चौथो त्रैमासिकमा राजस्व ३.८ प्रतिशतले घटेर ६७.७८ ट्रिलियन ओन र शुद्ध आय ७३.४ प्रतिशतले घटेर ६.३४ ट्रिलियन ओन पुगेको छ। सामसुङको चिप बनाउने व्यवसायले चौथो क्वाटरमा २१.६९ ट्रिलियन ओनको राजस्वमा परिचालन घाटा २.१८ ट्रिलियन ओन रेकर्ड गरेको छ।

चौथो क्वाटरको मेमोरी चिप्स व्यवसायले अघिल्लो त्रैमासिकको तुलनामा मोबाइल उपकरण र चिप्सको बलियो मागसँगै उत्पादन गर्ने आर्टिफिसियल इन्टेलिजेन्स (एआई) मा विस्तारित लगानीका कारण सर्भरको मागमा सुधार देखाएको कम्पनीले जनाएको छ।

एलएसआईले चौथो त्रैमासिकमा आविस्कारसम्बन्धी आम्दानीमा सुधार देखाएको छ। तर विश्वव्यापी आर्थिक सुधारमा ढिलाइका कारण धातुजन्य समानको आम्दानीमा गिरावट आएको छ।

सामसुङको डिस्प्ले प्यानल युनिटले अक्टोबर-डिसेम्बरमा ९.६६ ट्रिलियन ओनको राजस्वमा २.०१ ट्रिलियन ओनको परिचालन मुनाफा भएको बताएको छ।


मोबाइल डिस्प्ले व्यवसायले अघिल्लो त्रैमासिकको तुलनामा चौथो त्रैमासिकमा राम्रो प्रदर्शन देखाएको छ। स्मार्ट फोनको माग अलि बढी थियो, ठूलो प्यानल व्यवसायले वर्षको अन्त्यसम्ममा मौसमी टिभीको मागका कारण घाटामा केही कम भएको छ।

सामसुङको मोबाइल र नेटवर्क डिभिजनले २५.०४ ट्रिलियन ओनको राजस्वमा २.७३ ट्रिलियन ओनको परिचालन मुनाफा दर्ता गरेको छ। कम्पनीले ग्यालेक्सी एस २४ श्रृंखलामा ग्यालेक्सी एआईलाई एकीकृत गरेर एआई स्मार्टफोन बजारको नेतृत्व गर्ने लक्ष्य राखेको बताएको छ। सामसुङको टिभी र डिजिटल उपकरण युनिटले त्रैमासिकमा १४.२६ ट्रिलियन ओनको राजस्वमा ५० बिलियन ओनको परिचालन घाटा दर्ता गरेको छ।

प्रमुख बजारहरूमा उपभोक्ताको भावना बिग्रिएको कारण समग्र टिभीको माग वार्षिक आधारमा कमजोर भएको छ। तीव्र प्रतिस्पर्धाको बीचमा लागत बढेको सामसुङले उल्लेख गरेको छ।

सन् २०२३ मा सामसुङको कूल पूँजीगत खर्च ५३.१ ट्रिलियन ओन थियो जसमा ४८.४ ट्रिलियन ओन सेमिकन्डक्टर युनिटमा र २.४ ट्रिलियन ओन डिस्प्ले प्यानल डिभिजनमा खर्च गरिएको थियो।

# नेप्से परिसूचकमा गिरावट



**टुडे समाचारदाता**

काठमाण्डु । यो साता कारोबारको लगातार तीन दिनसम्म उकालो लागेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक बुधबार चौथो दिन भने दोहोरो अङ्कले घटेको छ। बुधबार परिसूचक २१ दशमलव ६७ अङ्कले घटेर दुई हजार ९७ दशमलव ९३ को विन्दुमा कायम भएको हो।

बुधबार तीन सय १३ कम्पनीको एक करोड ४७ लाख ७७ हजार एक सय १० कित्ता शेयर ९५ हजार छ सय ४५ पटक खरिदबिक्री हुँदा रु पाँच अर्ब २९ करोड ५६ लाख पाँच हजार ५७ बराबरको कारोबार भएको छ। उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव १४ प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक घटेको छ। सबैभन्दा धेरै होटल तथा पर्यटन समूह दुई दशमलव ०४ प्रतिशतले घटेको छ।

सामलिङ पावर कम्पनी लिमिटेडको शेयर मूल्य बुधबार सबैभन्दा धेरै नौ दशमलव ८७ प्रतिशतले बढेको छ। सबैभन्दा धेरै मेन्छियाम हाइड्रोपावर लिमिटेडको शेयर मूल्य पाँच दशमलव ८७ प्रतिशतले घटेको छ। कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा आज सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु ६३ करोड ८७ लाख ८२ हजार छ सय ९१ बराबरको आठ लाख ८९ हजार आठ सय ६८ कित्ता शेयर किनबेच भएको छ।

# कृषि तथा पशु मेला प्रदर्शनीमा ४३ किसान पुरस्कृत

**टुडे समाचारदाता**

खोटाङ । कृषि तथा पशु मेला प्रदर्शनीमा सहभागी ४३ किसानलाई पुरस्कृत तथा २९ किसानलाई सम्मान गरिएको छ। दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र कृषि ज्ञान केन्द्र खोटाङले संयुक्तरूपमा आयोजना गरेको कृषि तथा पशु मेला प्रदर्शनी कार्यक्रममा सहभागी किसानलाई पुरस्कार तथा सम्मान प्रदान गरिएको हो।

पुरस्कृत हुने किसानलाई पशुतर्फ प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः रु तीन हजार, दुई हजार पाँच सय र दुई हजार तथा बालीतर्फ प्रथम, द्वितीय र तृतीय हुने किसानलाई क्रमशः रु दुई हजार पाँच सय, दुई हजार र एक हजार पाँच सय नगदसहित प्रमाणपत्र प्रदान गरिएको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाका कृषि शाखा प्रमुख तेजप्रकाश जैसीले जानकारी दिनुभयो। प्रदर्शनीमा एक सय २० कृषि उपज राखिएको थियो। मेलामा कृषि उपजसँगै भैंसी, बाख्रा र भेडासमेत प्रदर्शनीमा राखिएको थियो।

पुरस्कृत तथा सम्मानित हुने किसानलाई जिल्ला समन्वय समिति खोटाङका प्रमुख सनबहादुर राई र नगर उपप्रमुख विशन राईले मङ्गलबार संयुक्तरूपमा नगदसहित प्रमाणपत्र प्रदान गर्नुभएको थियो। दिक्तेलस्थित हाटडाँडामा आयोजित सो प्रदर्शनी करिब पाँच सय जनाले अवलोकन गरेको कृषि शाखा प्रमुख जैसीले जानकारी दिएका छन्।



प्रदर्शनीमा फलफूल, तरकारी, दलहन तथा तेलहन, प्रशोधित कृषि उपज, राडीपाखी, छालाजुत्ता, ढाका कपडालगायत प्रदर्शनी कक्षमा राखिएको थियो। यही माघ१५ र १६ गते आयोजित कृषि तथा पशु मेला प्रदर्शनीमा विभिन्न विद्यालयका विद्यार्थीले समेत अवलोकन गरेको जनाइएको छ। प्रदर्शनीमा नगरपालिकाभित्रका किसान समूह तथा किसानलाई मात्र सहभागिताका लागि अवसर दिइएको थियो। प्रदर्शनीले कृषि पेसाप्रति किसानको आकर्षण वृद्धि हुने अपेक्षा गरिएको आयोजकले जनाएको छ।

किसानलाई कृषि पेसाप्रति आकर्षित गर्ने उद्देश्यले जिल्लाका सबै स्थानीय तहले कृषि तथा पशु मेला प्रदर्शनी कार्यक्रम गर्दै आएको छ। दश स्थानीय तह रहेको जिल्लामा कृषि उत्पादनलाई पहिलो प्राथमिकतामा राखेर निर्वाहमुखी कृषि प्रणालीलाई बिस्थापित गर्दै आधुनिक कृषि प्रणालीतर्फ आकर्षित गर्न सबै स्थानीय तहले नीति तथा कार्यक्रमसमेत बनाएर लागू गरेका छन्।

जिल्लाका सबै स्थानीय स्थानीय तहले कृषिमा अनुदानको व्यवस्था गरेपनि पहुँचका व्यक्तिले मात्र सेवा लिने गरेको गुनासोसमेत आउन थालेका छन्। यद्यपि जिल्लामा पछिल्लो समय व्यावसायिक कृषि पेसा अपनाउने किसानको संख्या वृद्धि हुँदै गएको छ। वैदेशिक रोजगारीको सिलसिलामा विभिन्न देश पुगेर फर्किएका व्यक्ति सबैभन्दा बढी व्यावसायिक कृषि पेसामा लागेका छन्।

**एकीकृत घुम्ती शिविर सञ्चालन**

दिप्रुङ चुइचुम्मा गाउँपालिकामा सञ्चालन गरिएको एकीकृत घुम्ती शिविरमार्फत एक हजार चार सय २३ जना स्थानीय बासिन्दाले गाउँमै सेवा लिएका छन्। चालु आर्थिक २०८०/०८१ को दोस्रो त्रैमासिकको सामाजिक सुरक्षा भत्ता वितरण तथा स्वास्थ्य जाँच सेवालागि सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा र 'हेल्लो डाक्टर' कार्यक्रममार्फत एकीकृत घुम्ती शिविर सञ्चालन गरिएको हो।

शिविरमा सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखाले नौ सय २२ जनालाई र सामाजिक सुरक्षा भत्ता र 'हेल्लो डाक्टर' कार्यक्रममार्फत पाँच सय एक जनाको स्वास्थ्य जाँच तथा औषधि वितरण गरिएको गाउँपालिका प्रमुख लोकेन्द्र राईले जानकारी दिए। "पालिकाबासीको सहजताका लागि हामीले 'हेल्लो डाक्टर' कार्यक्रम लगायतका विभिन्न कार्यक्रम कार्यान्वयनमा ल्याएका छौँ। 'हेल्लो डाक्टर' कार्यक्रमले २४ सै घण्टा सेवा दिइरहेको छ", उनले भने, "सामाजिक सुरक्षा भत्ता बुझ्दै आएका वृद्धवृद्धा तथा असक्तलाई समेत गाउँमै सेवा उपलब्ध गराउने गरेका छौँ। यो कार्यक्रम आगामी दिनमा पनि निरन्तर सञ्चालन गर्ने योजनामा छौँ।"

शिविरमा वडा नं १ याम्खाका ८५, वडा नं २ डाँडागाउँका ४५, वडा नं ३ छोरम्बुका एक सय १६, ४ बतासेकाएक सय १०, वडा नं ५ सप्तेश्वर छितापोखरीका ५३, वडा नं ६ छितापोखरीका ६८ र वडा नं ७ टेम्माका एक सय एक जनाको स्वास्थ्य जाँच गरिएको छ हेल्लो डाक्टर कार्यक्रमका संयोजक अहेब सुरेश प्रधानले जानकारी दिएका छन्। यही माघ ७ गतेदेखि सञ्चालन भएको शिविरमा नेबुलाइजेसन (वाफ लगाउने), मधुमेह, उच्च रक्तचाप जाँच, अक्सिजनको मात्रा, नाडीको गति जाँचका साथै सामान्य औषधि वितरण गरिएको जनाइएको छ। गाउँमै निःशुल्क स्वास्थ्य सेवा पाएपछि स्थानीय बासिन्दासमेत हर्षित भएका छन्।

शिविरमार्फत नौ सय २२ जनालाई सातवटै वडामा पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गरिएको सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा प्रमुख यमनलाल श्रेष्ठले जानकारी दिनुभयो।

## भैँसीपालनबाट मनग्य आम्दानी

**टुडे समाचारदाता**

घोराही। दाङको राजपुर गाउँपालिका-४ निवासी टीकाराम यादवको पुख्यौंली पेसा भैँसीपालन हो। उनले भैँसीको दूध, दही र घिउ बिक्री गरेर जीवन निर्वाह गर्दै आएका छन्। उनले यसैकोआम्दानीबाट घरपरिवारको खर्च पनि चलाउँदै आएका छन्। परम्परागत पेसालाई व्यावसायिक बनाउँदै लगेका उनले भैँसीपालनबाट दूध र दही बिक्री गरेर पछिल्लो समय रु एक लाख ५० हजारसम्म मासिक आम्दानी गर्दै आएका छन्।

साना-ठूला गरेर ७२ भैँसीपालन गरेका उनले दूध र दही बिक्री गरेर २३ सदस्य परिवारको खर्च जुटाउनका साथै बचत गरेर जग्गासमेत किनेको उनको भनाइ छ। उनले भने, "हाम्रो मुख्य आम्दानी नै भैँसीपालन हो, दूध, दही र घिउ बिक्री गरेर घरव्यवहार चलाउनेदेखि बचतसमेत गर्ने गरिरहेको छु।" ती भैँसीमध्ये १७ भैँसीले दूध दिने र दैनिक करिब ६० देखि ७० लिटरसम्म दूध बिक्री गर्दै आएको उनले बताए।

उनका भाइ टेकबहादुर यादवले लमही बजारसम्म पुर्‍याएर दूध बिक्री गर्ने काम गर्दै आएको बताए। घरका अन्य सदस्यले पनि काममा साथ दिएको उनी बताउछन्। विदेशमा अर्काको अधिनमा बसेर काम गर्नुभन्दा आफ्नै ठाउँमा घरपरिवारसँगै बसेर भैँसीपालन गर्दा राम्रो आम्दानीसँगै सन्तुष्ट रहेको उनी बताउछन्। उनीसँग वैदेशिक रोजगारको समेत अनुभव छ।

उनले भने, "विदेशमा १२ घण्टा दैनिक काम गर्दा महिनामा रु ६०-७० हजारसम्म कमाई हुन्छ, त्यो कमाइमा विदेशमा बसिरहन मनले मानेन र एक वर्षमै फर्किएँ, भैँसी बढाएर पाल्दै आएको छु। आम्दानी पनि राम्रै भइरहेको छ।" दूध बिक्री गरेर भएको आम्दानीको आधा रकम भैँसीका लागि दाना, घाँस र औषधिमा लाग्ने गरे पनि बाँकी रकम नाफा हुने गरेको उनी बताउछन्।

गाउँमा सबैभन्दा धेरै भैँसीपालन गर्ने किसानका रूपमा रहनुभएका यावदले लाखौँ खर्च गरेर विदेशमा काम गर्नुभन्दा आफ्नै ठाउँमा परिवारसँग बसेर पैसा कमाउन सकिने अरुलाई समेत सुझाव दिनुहुन्छ। त्यसका लागि आफूमा आत्मविश्वास हुनुपर्ने उनी बताउछन्। उनले भने, "विदेशमा दिनमा १२ घण्टासम्म काम गर्नेले आफ्नो ठाउँमा पनि त्यहीअनुसार मेहनत गर्न सके कमाई गर्न सकिन्छ।"

भैँसीपालनबाटै राम्रो आम्दानी गरिरहेका यादवले सरकारबाट अहिलेसम्म कुनै प्रकारको सहयोग प्राप्त नगरेको गुनासो गर्दै भने, "अहिलेसम्म जे-जति गरेको छु, सबै आफ्नै मेहनत र परिश्रमबाट गरेको छु। कतैबाट कुनै सहयोग लिएको छैन।" कतैबाट सहयोग प्राप्त नभए पनि आफ्नै मेहनतले पुख्यौंली पेसालाई व्यवस्थित गर्दै लग्ने सोचमा रहेको उहाँ बताउछन्।

# माछाका लागि प्रसिद्ध बन्दै माझीकुना

**टुडे समाचारदाता**

गण्डकी । बेगनास आफैँमा चित्रमय भूगोल हो। ताल, हिउँचुचुरा, पाखापखेरु र वनवाटिकाले बेगनास क्षेत्र सज्जित छ। प्रकृतिका अनेक वैभवले पूर्ण छ बगेनास। तीमध्ये एक हो बेगनास तालको पूर्वी किनारछेउ चिटिक्क मिलेको बस्ती माझीकुना। पन्ध्र वर्षअघिसम्म निर्जन चौर र वनपाखाले ढाकिएको माझीकुना अहिले पर्यटक तान्ने थलो बनेको छ।



बस्ती बस्नुपूर्व माझीकुना चलचित्र छायाँकन र पर्यटकको 'क्याम्पिङ'स्थलका रूपमा मात्र चिनिन्थ्यो। अहिले माझीकुनाको परिचय बदलिएको छ, फैलिएको छ। माझीकुनालाई माछाले जति अरु चीजले सायदै चिनाएको मान्नुहुन्छ, स्थानीय रेष्टुराँ व्यवसायी टेकबहादुर जलारी। "माझीकुनाले बढी चर्चा पाएको यस्तै पाँच/छ वर्षजति भयो", ५२ वर्षीय जलारीले भने, "मुख्य रुपमा यहाँको पोलेको माछा ग्राहक र पर्यटकमाझ प्रख्यात छ।" युट्युब, फेसबुक, टिकटकजस्ता सामाजिक सञ्जालका माध्यमबाट पनि माझीकुनाको व्यापक प्रचार भएको उनले बताए।

माझीकुनाको पोलेको माछा र अरु परिकारबारे नेपाली खाना प्रवर्द्धन गर्ने टिकटिक प्रयोगकर्ताले बनाएका भिडिओ सामग्री अहिले पनि सामाजिक सञ्जालतिर भेटिन्छन्। विशेषगरी आन्तरिक पर्यटक त्यसमा पनि युवा पुस्तामाझ माझीकुना माछाका परिकारको स्वादसँगै घुमफिर गर्ने गन्तव्यका रूपमा लोकप्रिय बनेको हो।"यहाँ धैरै आउने भनेको आन्तरिक पर्यटक नै हो, पर्यटकीय याममा विदेशी पाहुना पनि आइरहनुहुन्छ", दी फिसरम्यान रेष्टुराँका सञ्चालक जलारीले भने, "चाडबाड, नयाँ वर्ष र बिदाका समयमा त पर्यटकको भीड नै लाग्छ, रेष्टुराँमा भ्याइनभ्याइ हुन्छ।" जलारीले विसं २०७२ को गोरखा भूकम्पपछि रेष्टुराँ व्यवसाय थालेका थिए।

उनको रेष्टुराँमा पनि पोलेको माछा नै मुख्य परिकार हो। तिलापिया जातको माछालाई आगोमा पोलेर स्थानीय स्वादमा पाहुनालाई चखाउने गरेको जलारीले सुनाए। "मरमसला, च्याउ, धनिया, लसुन आदि राखेर मेरिनेट गरिएको माछालाई आगोमा सेकेपछि परिकार तयार हुन्छ", उनले भने, "पाहुनाले पोलेको माछा नै बढी रुचाउछन्।"

पोलेको माछालाई स्वादिष्ट बनाउन घेरलु छोप र ससको प्रयोग गर्ने गरिएको जलारीले बताए। तिलापियाबाहेक अरु जातको माछा भने पोल्न नमिल्ने उनको भनाइ छ। "बगेनास, रुपालगायत तालमा पाइने कमन, ग्राफ, राहु आदि जातका माछाको झोल, करी, फ्राइड, साँधेर पाहुनालाई खुवाउने गर्छौं, माग भएमा कुखुराका परिकार पनि उपलब्ध गराउँछौं", जलारीले भने।

तीस वर्षसम्म बेगनास तालमै माछा मारेर परिवार धानेका उनी अहिले माझीकुनाको सफल रेष्टुराँ व्यवसायीका रूपमा चिनिएका छन्। माझीकुनामा २५ भन्दा बढी रेष्टुराँ तथा होटल खुलेका छन्। तिनमा करोडौँको लगानी छ। सयौँले रोजगारी पाएका छन्। जलारीको रेष्टुराँमा काम गर्ने पाँच जना छन्। बेगनासमा रहेको जलारी समुदायले माछाबाटै आर्थिक उपार्जन गर्ने गरेको उनले बताए। "मत्स्य अनुसन्धान केन्द्रबाट अनुमतिपत्र लिएर मात्र माछा मार्न पाइन्छ, वार्षिकरूपमा शुल्क तिर्नुपर्छ", उनले भने, "मैले पनि पहिला माछा मारेर बेच्ने काम गर्थे, अहिले रेष्टुराँ व्यवसातिर लागेँ, यसमै सन्तुष्ट छु।"

कोभिड-१९ महामारीले सुस्ताएको व्यापारले पछिल्लो समय गति लिएपछि माझीकुनाका व्यवसायी खुसी छन्। मुलुकले झेलिरहेको आर्थिक मन्दीको प्रभाव छिटो अन्त्य भए व्यवसायले अझ फड्को लिनेमा उनीहरु आशावादी छन्। माझीकुना नजिकैको सुन्दरीडाँडास्थित बेगनास-रुपा सूचना केन्द्र तथा 'भ्यूवाटर'का कर्मचारी सरु भुजेलले माझीकुना बेगनास क्षेत्रको आकर्षक गन्तव्यस्थलका रुपमा विकास भएको बताए। पहिले खासै चर्चामा नआएको सो क्षेत्र अहिले आगन्तुकको रोजाइमा पर्ने गरेको उनले सुनाए।

विशेषगरी सप्ताहन्तमा परिवारजन, जोडी र साथी मिलेर माझीकुना आउने बढी हुने गरेको स्थानीय पर्यटन व्यवसायी बताउँछन्। तालतिर टहल्दै माछाको स्वाद लिन पाहुना पर्यटक माझीकुनामा लोभिने गरेका हुन्। कास्कीको पोखरा महानगरपालिका-३१ मा अवस्थित बेगनास ताल पोखराको पृथ्वीचोकदेखि १४ किमी र लेखनाथको तालचोकबाट साढे तीन किमी यात्रामा पुगिन्छ।

सात तालको वाटिका भनेरसमेत चिनिने लेखनाथ क्षेत्रमा बेगनास ताल पर्छ। बेगनास नजिकै उस्तै रमणीय रुपा, दिपाङ, खास्टे, न्युरेनीलगायत ताल अवस्थित छन्। सहरको कोलाहल र व्यस्तता छलेर छिनमै पुग्न सकिने मनोरम गन्तव्य बेगनास क्षेत्र हो। बेगनास पुग्दा डुङ्गा सयर, पदयात्रालगायत पर्यटकीय गतिविधिले पनि आगन्तुकलाई आकर्षित गर्ने गर्छ। मुग्लिन-पोखरा राजमार्गको तालचोक हुँदै बेगनास जोडिने सडक अहिले निर्माणाधीन अवस्थामा रहेकाले पर्यटकको आउजाउमा केही कठिनाइ उत्पन्न भइरहको पोखरा-३१ का वडाध्यक्ष ढकनाथ कँडेलले बताए।

प्रकृतिले सिँगारेको बेगनास पर्यटन पूर्वाधार र प्रवर्द्धनका दृष्टिले भने अझै पनि पछाडि परेको उनको भनाइ छ। वडाध्यक्ष कँडेलले पोखराको पर्यटन भनेपछि फेवाताललाई केन्द्रित गर्ने मानसिकताबाट सबै उम्कनुपर्ने धारणा राखे। "सरकार र पर्यटनका संस्थाको नजर पोखराका अरु तालमा पनि जानुपर्यो, पूर्वाधारमा लगानी बढाउनुपर्यो", उनले भने, "प्रदेश सरकार र पोखरा महानगरले नै यसमा प्राथमिकतामा दिनुपर्छ।"

प्रकृतिको वैभव, मठमन्दिर, जातजातिको विविधतापूर्ण बसोबास, मौलिक संस्कृति, रहनसहन, स्थानीय उत्पादन आदिले बेगनासलाई चिनारी दिएको वडाध्यक्ष कँडेलले बताए।

# हेटौँडा आन्तरिक राजस्व कार्यालयबाट तीन अर्ब राजस्व सङ्कलन

**टुडे समाचारदाता**

बागमती । हेटौँडास्थित आन्तरिक राजस्व कार्यालयले विगत छ महिनामा लक्ष्यभन्दा कम राजस्व सङ्कलन गरेको छ। कार्यालयका अनुसार चालु आर्थिक वर्षको साउनदेखि पुस मसान्तसम्म रु चार अर्ब १४ करोड ३० लाख ९५ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकामा रु दुई अर्ब ९३ करोड ११ लाख ७६ हजार राजस्व सङ्कलन भएको जनाइएको छ।

उक्त कार्यालयले चालु आर्थिक वर्षमा रु आठ अर्ब ८० करोड ४५ लाख २४ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य लिएको थियो। कार्यालयबाट प्राप्त विवरणअनुसार विगत छ महिनामा आयकरतर्फ रु ४८ करोड छ्यासी लाख ६७ हजार, घरभाडा करतर्फ रु ७८ लाख ९२ हजार, ब्याज करतर्फ रु चार करोड पाँचलाख ८१ हजार, आन्तरिक करतर्फ रु ४९ करोड नब्बे लाख ६८ हजार, अन्तःशुल्क करतर्फ रु एक अर्ब ६१ करोड ४८ लाख २७ हजार तथा स्वास्थ्यसेवा करतर्फ रु २८ करोड एक लाख ४१ हजार राजस्व सङ्कलन भएको जनाएको छ।

विगत छ महिनामा ३२ हजार एक सय ८६ करदातामध्ये १२ हजार सात सय २१ करदाताले आयकर तिरेका थिए भने १९ हजार चार सय ६५ जनाले तिर्न बाँकी रहेको छ। आयकर नतिर्नेमा ठूला करदाता नै दुई हजार सात सय पाँचजना रहेका बताइएको छ। बागमती प्रदेशको राजधानी हेटौँडा भए पनि ठूला उद्योग तथा व्यापार/व्यवसाय बन्द भएको र सञ्चालनमा रहेका उद्योग तथा व्यवसायको अवस्था नाजुक भएकाले राजस्व सङ्कलनमा समस्या भएको सो कार्यालयका कर्मचारीले जनाएका छन्।

प्रमुख करअधिकृत तुलसीप्रसाद भट्टराई बढी कर आउने उद्योग केही समयदेखि बन्द रहेका कारण राजस्व सङ्कलन लक्ष्यको तुलनामा कम भएको बताउछन्। कार्यालयले आर्थिक वर्ष २०७९/८० मा रु सात अर्ब ५० करोड ३९ लाख ४२ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकामा रु छ अर्ब ६० करोड ८८ लाख २२ हजार सङ्कलन गरेको थियो। गत आर्थिक वर्ष पनि लक्ष्यको तुलनामा कम राजस्व सङ्कलन भएको थियो।


**प्रभु बैंक लिमिटेड शाखा कार्यालय महेन्द्रनगर , धनुषाकातपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना**

**(सूचना प्रकाशित मिति २०८०/१०/१८ गते विहिबारको जनकपुर टुडे राष्ट्रिय दैनिक)**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको र यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८०/०४/१५ गते सोमवारको खबर दर्पण राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनीक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ती लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैकको शाखा कार्यालय **महेन्द्रनगर धनुषामा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०८०/११/०४ गते शुक्रवार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय **महेन्द्रनगर धनुषामा** दिनको ठीक १:०० (एक) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

**क. ऋणी, सञ्चालक तथा जमानतकर्ताको विवरण :**

**ऋणी :** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७५/०२/०७ मा दर्ता नं. १८९८१८/७४/०७५ मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग आन्तरिक राजस्व कार्यालय, जनकपुरबाट मिति २०७५/०२/०७ (मु.अ.कर दर्ता मिति २०७५/०२/०७) मा दर्ता भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नम्बर ६०६७०५६१३ को प्रमाणपत्र प्राप्त **जनज्योति ट्रेडिङ्ग एण्ड सप्लायर्स प्रा.लि.** । ठेगाना : जिल्ला धनुषा, मिथिला नगरपालीका वडा नं. ०७, ढल्केवर।

| **सञ्चालक तथा जमानतकर्ता : जिवछी चौधरी** | **जमानतकर्ता : बिजय कुमार चौधरी** |
|---|---|
| (ना.प्र.नं. २५६६८२९०, जारी मिति २०५७/०४/०२, जारी गर्ने कार्यालय जि.प्र.का.धनुषा)। ठेगाना : जिल्ला धनुषा ढल्केवर गा.वि.स.वडा नं. ०७, (हाल मिथिला न.पा. वडा नं. ६)। बाबु : यदुनन्दन चौधरी। ससुरा/पती : अनुष्ठा चौधरी कलवार/विजय कुमार चौधरी। | (ना.प्र.नं. २५६६२१७९, जारी मिति २०४५/०२/१६, प्रतिलिपि जारी मिति २०७४/०५/१६ जारी गर्ने कार्यालय जि.प्र.का.धनुषा)। ठेगाना : जिल्ला धनुषा ढल्केवर गा.वि.स.वडा नं. ०७, (हाल मिथिला न.पा. वडा नं. ६)। बाबु : अनुष्ठा चौधरी कलवार। बाजे : रघुनाथ चौधरी। |

**ख. लिलाम विक्री हुने धितो सुरक्षणको विवरण :**

१. विजय कुमार चौधरीको नाममा मालपोत कार्यालय धनुषमा दर्ता श्रेष्ता कायम रहेको धनुष जिल्ला ढल्केवर गा.वि.स.वडा नं. ४ नक्सा सिट नं. ४ख स्थित कि.नं. ८८५ क्षेत्रफल ०-०-१३-० (बिघा), ऐ.ऐ. वडा नं. ७ नक्सा सिट नं. ७क स्थित कि.नं. ७४३ र ७४१ क्षेत्रफल ०-३-१०-० र ०-०-१५-११ (विघा) को घर जग्गा तथा सो घर जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.......................................................................१

२. ऋणी **जनज्योति ट्रेडिङ्ग एण्ड सप्लायर्स प्रा.लि.**को स्वमित्वमा रहेको चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण।

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय **महेन्द्रनगर धनुषा** बाट समेत प्राप्त गर्न सकिनेछ।

२. सम्पत्ति दाखेला खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय महेन्द्रनगर धनुषामा सम्पर्क राख्न सकिनेछ।

PRABHU BANK

**प्रभु बैंक लिमिटेड**

**प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल**

**फोन नं. ०१-५७१५०००**



सुनचाँदी व्यवसायीहरुलाई प्रहरीले पक्राउ गरेपछि व्यवसायीहरुले जनकपुरधाममा प्रदर्शन गरेका थिए। तस्विर : टुडे

# महोत्सवको तयारी पूरा



**टुडे समाचारदाता**

जनकपुरधाम। बिहीबारदेखि सुरु हुने चौथो जनकपुरधाम साहित्य कला तथा अन्तर्राष्ट्रिय नाट्य महोत्सव २०८० को सम्पूर्ण तयारी पूरा भएको छ। मैथिली विकास कोषद्वारा बुधबार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा कोषका अध्यक्ष जीवनाथ चौधरीले सम्मेलनको व्यवस्थापनलगायत सम्पूर्ण तयारी पूरा भएको जानकारी दिए।

जनकपुरधामस्थित महेन्द्रनारायण निधि संस्कृति केन्द्रमा बिहीबारदेखि यही माघ २२ गतेसम्म सञ्चालन हुने पाँच दिवसीय महोत्सवमा साहित्य, कला, राजनीतिक, सामाजिक तथा इतिहाससँग सम्बन्धित विभिन्न २० विषयमा विमर्श, चित्रकला, पुस्तक, मिथिला भोजन प्रदर्शनीलगायत कार्यक्रम तय भएको अध्यक्ष चौधरीले बताए।

त्यसैगरी महोत्सवमा नेपाल र भारतका कलाकारद्वारा मैथिली, नेपाली, हिन्दी, असामी र बङ्गाली गरी पाँच भाषामा आठ नाटक पनि प्रदर्शन गरिनेछ। महोत्सवको उदघाटन पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले र समापन मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले गर्ने अध्यक्ष चौधरीले जानकारी दिए।

विभिन्न विषयमाथि हुने विमर्शमा नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापा, नेकपा (एमाले) का सचिव योगेश भट्टराई, नेकपा (एकीकृत समाजवादी) का सचिव रामकुमारी झाँक्री, राष्ट्रिय समाचार समिति (रासस)का कार्यकारी अध्यक्ष धर्मेन्द्र झा लगायत वक्ताले सहभागिता जनाउने कार्यक्रम रहेको पनि कोषले जनाएको छ।

कोषले विसं २०७३ देखि हरेक दुई वर्षमा महोत्सव आयोजना गर्दै आएको छ। मैथिली विकास कोष, मधेश प्रदेशको उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय आयोजक र जनकपुरधाम उपमहानगरपालिका सहआयोजक रहेको महोत्सवको लागत करिब ५२ लाख अनुमान गरिएको जनाइएको छ। महोत्सवमा नेपाल र भारतका करिब तीन सय वक्ता र कलाकर्मी लगायतको सहभागिता रहने पनि आयोजकले जनाएको छ।

# युवा नेता यादवले गरे ६० औं पटक रक्तदान

**टुडे समाचारदाता**

जनकपुरधाम। जनता समाजवादी पार्टी नेपालका युवा नेता एवम् सामाजिक कार्यकर्ता सीताराम यादवले ६० औं पटक रक्तदान गरेका छन्। जनकपुरधाम उपमहानगरपालिकाको वडा नम्बर १९ जमुनियाका यादवले गत २०६३ सालयता रक्तदान गर्न थालेका हुन्।

बुधबार जनकपुरधामस्थित नेपाल रेडक्रस धनुषाको रक्तसञ्चार केन्द्रमा ६० औं पटक रक्तदान गरेका यादवले रगत दान गरिरहँदा आफूले अतुल्य सन्तुष्टिबोध गर्दै आएको बताए। उनले रगत अभावमा अकाल मृत्युवरण गर्न बाध्य भएकाहरूको ज्यान जोगिने भएकाले पटकपटक रक्तदान गर्न प्रेरित भएको सुनाए।

यादवले सबैभन्दा कम ४२ दिनमा र बढीमा तीन महिनाको अन्तरालमा रगत दान गर्ने गरेका छन्। नेपालमा बर्सेनि करिब तीन लाख युनिट रगत आवश्यक पर्छ। रक्तस्रावका बिरामी,



प्रसूति, मुटु, मस्तिष्कलगायतको शल्यक्रिया र दुर्घटनामा परेकालाई बचाउन रगत अनिवार्य हुन्छ। थालासेमिया, ल्युकेमिया लगायतका रक्त क्यान्सर, हेमोफिलिया र रक्तअल्पताजस्ता समस्यामा तारन्तार रगत चाहिरहन्छ।

नेपालमा बर्सेनि करिब तीन लाख युनिट रगत चाहिन्छ। अधिक रक्तस्रावका बिरामी, प्रसूति, मुटु, मस्तिष्कलगायतको शल्यक्रिया र दुर्घटनामा परेकालाई बचाउन रगत अनिवार्य हुन्छ।

विभिन्न खालका शल्यक्रिया, सडक दुर्घटना, बाढी, पहिरो र भूकम्पको समस्या तथा अनिच्छित गर्भधारण, गर्भपतन र सिजेरियन अपरेसन आदिमा पनि रगत जरुरी हुन्छ। स्वस्थ शरीर, मानसिक सन्तुलन ठीक, कम्तीमा १८ वर्ष पूरा भई ६० वर्ष ननाघेको र कम्तीमा ४५ केजी तौल भएको व्यक्ति रक्तदान गर्न सक्षम हुन्छन्। तसर्थ, रगतमा हेमोग्लोबिनको मात्रा १२ ग्राम प्रतिशत वा सोभन्दामाथि, शरीरमा रक्तचाप, नाडी, तापक्रम सामान्य भएको स्वास्थ्य परीक्षणबाट मुटु, फोक्सो र कलेजो राम्रो रहेको हुनुपर्छ।

# नाग हेर्नेको भीड

**टुडे समाचारदाता**

गौर। रौतहटको फतुवा विजयपुर नगरपालिका-३ स्थित सर्प देखिएपछि नाग देवता भन्दै हेर्नेको भीड लागेको छ। फतुवा विजयपुर वडा ३ मेवा गाउँ र ठेंग्राहाको बीचमा नाग देखिएको छ। उक्त स्थानमा मंगलबार बिहानदेखि नाग देवताको दर्शन गर्नेहरूको भीड लागेको स्थानीय वीरेन्द्र यादवले बताए।

पछिल्लो तीन दिनदेखि उक्त स्थान नहरको छेउमा नाग देखिने गरेको उनले बताए। नहर छेउको खेतको दुलोबाट बिहान १० बजे निस्केर दिउँसो ३ बजेसम्म एउटै स्थानमा बस्ने गरेको गाउँलेहरूले बताएका छन्। नाग देवता भनिएको उक्त सर्प जस्तै केही समयअघि कटहरियामा पनि देखिएको थियो। उक्त सर्पलाई ब्ल्याक कोबरा भनिएको थियो।

यसअघि जिल्लाको उत्तरी भेग गुजरा नगरपालिका अन्तर्गत जंगलमा नाग देवता देखिएको भन्दै दैनिक हजारौं मानिसको भीड लागेको थियो।

# मोतिविन्दुको निःशुल्क शल्यक्रिया गरिने

टुडे समाचारदाता

सिरहा। लहान नगरपालिका र सगरमाथा चौधरी आँखा अस्पतालबीच निःशुल्क मोतिविन्दुको शल्यक्रियाका लागि सम्झौता भएको छ। सम्झौताअनुसार एक हजार लहानवासीको निःशुल्क शल्यक्रिया गरिनेछ। सम्झौता पत्रमा नगरप्रमुख महेश चौधरी र अस्पताल सञ्चालक समिति अध्यक्ष रवीन्द्रलाल चौधरीले हस्ताक्षर गर्नुभयो। नगरपालिकाको आर्थिक सहयोग र अस्पतालको प्राविधिक सहयोगमा लहानका वडामा निःशुल्क आँखा जाँच शिविर सञ्चालन गरिनेछ।

लहान नगरपालिकाले गतवर्ष पनि एक हजार जनामो मोतिवन्दुको शल्यक्रिया र सात हजारभन्दाबढीको जाँच उपचार गराएको थियो।

# सिराहामा काठसहित गाडी नियन्त्रणमा



**टुडे समाचारदाता**

सिराहा। सिराहा सब डिभिजन वन कार्यालय बन्दीपुरले एक सय क्यूविकफिट सखुवा प्रजातिको चिरान काठ लोड गरिएको गाडीसहित चालकलाई नियन्त्रणमा लिएको छ।

सब डिभिजन वन कार्यालय बन्दीपुरको गस्ती टोलीले कर्जन्हा नगरपालिका १ बल्टीबाट ज १ च १५७३ नम्बरको गाडीमा काठ अपलोड गरी बन्दीपुरतर्फ ल्याउँदै गरेको अवस्थामा चालकलाई नियन्त्रणमा लिएको छ। काठसहित गाडी बरामद गरिएको डिभिजन वन कार्यालय लहानका प्रमुख सुजितकुमार झाले जानकारी दिए।

विशेष सूचनाका आधारमा सब डिभिजन वन कार्यालय बन्दीपुरका वन अधिकृत मोहम्मद आबिद हुसेन नेतृत्वको वन कर्मचारीको टोलीले गाडी, चालक र काठ नियन्त्रणमा लिएको छ। बरामद काठ र गाडी डिभिजन वन कार्यालय लहानलाई बुझाएको वन अधिकृत हुसेनले जानकारी दिए।

यस सम्बन्धमा थप अनुसन्धान भइरहेको उनले बताए। बन्दिपुर क्षेत्रबाट अवैध रूपमा धनुषा र सिराहाका विभिन्न क्षेत्रमा सखुवाका चिरानबाट बनेका सामग्रीहरु जाने गरेको स्थानीय दिपक महतोले जानकारी दिए। उनले भने, 'यहाँ तस्करी गरेर सिराहा र धनुषाका विभिन्न ठाउँमा काठ पुऱ्याउने गरिएको छ।' डिभिजन वन कार्यालय लहानका प्रमुख सुजितकुमार झाकाअनुसार काठ लोड गरिएको गाडीसहित चालकलाई नियन्त्रणमा लिएको र कारबाही प्रक्रिया अगाडि बढाइएको छ।

# मिटर ब्याज सम्बन्धी ५ सय ७ उजुरीको फछ्र्योट

**टुडे समाचारदाता**

वीरगञ्ज। जिल्ला प्रशासन कार्यालय पर्साले अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी परेको उजुरीमध्ये ५ सय ७ वटा उजुरी फछ्र्योट गरी बाँकी १ हजार ३ सय ६६ उजुरीका फाइलहरू आवश्यक कारबाहीका लागि बुधबार जिल्ला प्रहरी कार्यालय पर्सालाई बुझाएको छ।

जिल्ला प्रशासन कार्यालय पर्सामा पीडित स्वयं उपस्थित भएर तथा अनलाइनबाट १ हजार ८ सय ५५ उजुरी दर्ता भएकोमा ती मध्ये छलफलको विधिबाट ५ सय ७ वटा उजुरी पीडितको पक्षमा फछ्र्योट गरिएको र २ वटा मुद्दामा गई अदालतबाट फछ्र्योट हुने क्रममा रहेको जिल्ला प्रशासन कार्यालय पर्साका सूचना अधिकारी एवं सहायक प्रमुख जिल्ला अधिकारी शिवप्रसाद लम्सालले जानकारी दिए।

अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग' को म्याद सकिएपछि गृह मन्त्रालयले बाँकी रहेका र नयाँ आउने उजुरी हेर्ने र विवाद निरुपण गर्ने जिम्मा जिल्ला प्रशासनबाट जिल्ला प्रहरीलाई जिम्मा लगाएसँगै फछ्र्योट हुन बाँकी रहेको १ हजार ३ सय ६६ फाइल आवश्यक कारबाहीका लागि बुधबार जिल्ला प्रहरी कार्यालय पर्सालाई बुझाइएको सहायक प्रमुख जिल्ला अधिकारी लम्सालले बताए।



गृहमन्त्रालयले 'अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी उजुरी सङ्कलन तथा फछ्र्योटका लागि कार्यसम्पादन कार्यविधि' जारी गरेको र जसमा जाँचबुझ आयोगले जिल्ला प्रशासन कार्यालयमा पठाएर विचाराधीन रहेको उजुरी जिल्ला प्रहरी कार्यालयमा पठाउन निर्देशन दिएसँगै बाँकी रहेका उजुरीको आवश्यक कारबाहीका लागि प्रहरी कार्यालयमा पठाइएको लम्सालले जानकारी दिए।

गृह मन्त्रालयको निर्णयसँग अब मिटर ब्याजी सम्बन्धी नयाँ उजुरी लिने र हाल विचाराधीन र नयाँ दर्ता हुने मिटर ब्याजका उजुरीहरूमा प्रहरीले मेलमिलापको प्रयास समेत गर्ने जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायव उपरीक्षक ध्रुव कुमार श्रेष्ठले बताए।

# सर्लाहीका नाका तस्करको अखाडा

**टुडे समाचारदाता**

मलंगवा। सर्लाही जिल्लाका विभिन्न नाका अहिले तस्करीको अखाडा बनेको छ। घुमुवा प्रहरी रकम असुलीमा लागेपछि नाका तस्करहरुको अखाडा बनेको छ।

सर्लाहीको त्रिभुवननगर नाका सहित विभिन्न नाकाबाट प्रहरीको संरक्षणमा खुलेयाम तस्करी भइरहेको छ। जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रमुख प्रवीण धितालले तस्करी रोक्न कडा निर्देशन जारी गरे पनि तस्करी रोकिएको छैन्। तस्करहरुको बढ्दो प्रभाव र सक्रियताका कारण यस क्षेत्रका विभिन्न नाकाबाट ब्यापक तस्करी भइरहेको छ।

सर्लाही जिल्ला स्थित पर्सा, त्रिभुवननगर, मलंगवा, भाँडसर खुटौना, फेन्हारा, बहादुरपुर, मधुवन गाउँ, सग्रामपुर, नारायणपुर र बलरा नाकाबाट दिनहुँ भारतीय सामग्रीहरुको चोरी निकासी हुन थालेको छ। घुमुवा प्रहरीले व्यापारीलाई तस्करी गराउन लाइन दिए बापत सर्लाहीका प्रहरी प्रमुख



सहितका नाममा मासिक अवस्था हेरेर २ देखि ४ लाखसम्म लिने गरेको व्यापारीहरू बताउँछन्।

भन्सार छलेर ल्याइने भारतीय सामग्रीहरुमा कपडा, चिनी, तेल, चामल, मलखाद्य, धान, स्पेयर पार्टस्, कुखुराका चल्ला, अण्डा, कस्मेटिक तथा किराना लगायतका सामग्रीहरु रहेको छ। तस्करहरुले भने नेपालबाट भारततर्फ सुपारी, मरिच, मदिरा, अलैंची, हरियो मटर र चाइनिज इलेक्ट्रोनिक सामग्रीहरु चोरी निकासी गर्दै आएका छन्। तस्करहरुले दिनहुँ खुलेआम भारतीय सामग्रीहरु अवैधरुपमा नेपाल भित्रि याउने गरेका कारण सरकारलाई प्राप्त हुने करोडौं रुपैयाँ राजस्व चुहावट भइरहेको छ।

# समाजसेवी देव दम्पतीद्वारा जग्गा दान

**टुडे समाचारदाता**

राजविराज। गैर सरकारी संस्था (गैसस) महासंघका राष्ट्रिय अध्यक्ष राम प्रसाद सुवेदीले आर्थिक क्षेत्रमा पहुँच नपुगे सम्म महिला सशक्तिकरण सम्भव नहुने कुरा बताएका छन्। राजविराज ६ स्थित सामुदायिक महिला विकास केन्द्र (स्वडेक) को २९ औं स्थापना दिवस कार्यक्रममा उनले सो कुरा बताएका छन्।

महिला पछाडि पर्नुमा अवसरबाट बञ्चित तथा महिला हिंसा नै प्रमुख कारक रहेको बताउँदै उनले हरेक क्षेत्रमा राज्यले महिलालाई अवसर प्रदान गर्नुपर्ने आवश्यक्ता औंल्याए। महिला हिंसाको घटना मधेश प्रदेशमा सर्वाधिक हुने गरेको भन्दै चिन्ता ब्यक्त गरेका थिए। उनले महिला हिंसा न्यूनीकरणका लागि सबै सरोकारवाला मिलेर काम गर्नुपर्नेमा जोड दिए।

उनले विषेश गरी विपन्न समुदायका महिलाहरुलाई यस्ता गैर सरकारी संस्थाले सकेसम्म बढी अवसर दिएर काममा लगाउनु पर्नेमा जोड दिदै यसले संस्थाको उद्देश्य पुरा हुनुका साथै समाजमा महिलाहरुलाई अगाडि आउन समेत योगदान पुग्ने बताए।

संस्थाको आफ्नै कार्यालय भवन निर्माणका लागि ५० लाख भन्दा बढी मूल्य बराबरको २ कठ्ठा ८ धूर जग्गा उपलब्ध गराएका संस्थापक अध्यक्ष इन्जिनियर इन्द्र नारायण देव तथा वर्तमान




अध्यक्ष उनका श्रीमती मीरा देवको प्रशंसा गर्दै उनले अन्य गैर सरकारी संस्थाका लागि समेत यो सहयोग उदाहरण र अनुकरणीय हुने बताए।

देव दम्पतीले दिएकै जग्गामा अहिले सो संस्थाको कार्यालय भवन निर्माण भई संचालनमा समेत आइसकेको छ। कार्यक्रममा शुभकामना दिदै गैसस महासंघका बरिष्ठ उपाध्यक्ष ध्रुव देवले गाडीको उपकरण र चालक कुशल भए दुर्घटनाको जोखिम कम हुने तर्क प्रस्तुत गर्दै संचालक, व्यवस्थापक र कर्मचारी सबै कुशल भएकै कारण सामुदायिक महिला विकास केन्द्र सफलतापूर्वक गन्तब्य तर्फ बढिरहेको बताए।

# श्रीमान् र ससुरा फरार, सासू पक्राउ

**टुडे समाचारदाता**

मलंगवा। सीमावर्ती क्षेत्रस्थित सर्लाहीको बलरा नगरपालिकामा एक महिलाको हत्या भएको छ। बलरा नगरपालिका-४, जब्दी गाउँकी २१ वर्षीया पूजादेवी सहनीको हत्या भएको छ।

पूजादेवी आफ्नै घरभित्र खाटमा मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ। प्रहरीले मृतकको शरीरमा चोटपटक रहेको बताए पनि थप विवरण भने खुलाएको छैन्।

सर्लाहीका प्रहरी उपरीक्षक प्रवीण धितालले मृतक पूजादेवीकी सासू बनारसी देवी सहनीलाई नियन्त्रणमा लिई घटनाको थप अनुसन्धान भइरहेको जानकारी दिए। घटनापछि मृतकका श्रीमान् छोटेलाल सहनी र ससुरा जयनारायण सहनी फरार छन्।

**समाचारदाता चाहियो**

रौतहट जिल्लालाई केन्द्र बनाएर क्रियासिल पत्रकार जनकपुर टुडे राष्ट्रिय दैनिकका लागि आवश्यक भएकाले वायोडाटा सहित मिति २०८०/१०/२२ गते सम्म तलको इमेलमा आवेदन पठाउन आव्हान गरिन्छ।

इमेल : jtodaynews@gmail.com

**आवश्यकता**

जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ।

**कम्प्युटर अपरेटर - १ (एक) जना**

सम्पर्क

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**
जनकपुरधाम, धनुषा
सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८